# सामाजिक परिक्षण

## "पोखरा महानगरपालिका, कास्की"

## पौष, २०८०




**आर्थिक वर्ष २०७९/०८०**

**सहजकर्ताः**

## सामाजिक उत्तरदायित्व अध्ययन केन्द्र, कास्की

भानु पराजुली, सुशासनविज्ञ (९८५६०७५१७६), पोखरा

Regd. 4644/2080


# सामाजिक उत्तरदायित्व अध्ययन केन्द्र, पोखरा

## (SOCIAL & ACCOUNTABILITY RESEARCH CENTER, POKHARA)

मिति : ......................

## हार्दिक आभार

सरकारले नागरिक प्रतिको जिम्मेवारी पुरा गर्न गरेको कार्यको सामाजिक लेखाजोखा सामाजिक परिक्षण हो । निश्चित लक्ष्य परिपुर्तिको लागि सहयोग गर्न तथा सामाजिक क्रियाकलापलाई संचालन गर्ने उदेश्यले विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु समेत निर्माण गरिएको छ । सामाजिक परिक्षण कार्यलाई व्यवस्थित तुल्याउन वान्छनीय देखिएकोले प्रदेश सुशासन ऐन, २०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरि गण्डकी प्रदेश सरकारले **"सामाजिक उत्तरदायित्व प्रवर्धन निर्देशिका २०७७"** वनाई जारी गरेको छ । सामाजिक कार्यका सिलसिलामा गरिएका गतिविधीमा स्थानिय सरोकारवालाको भूमिका महत्वपूण हुन्छ । बत्तिमुनिको अध्यारो हटाउने र सामाजिक प्रभावलाई उच्च मुल्यमा रुपान्तरण गरि समाजप्रतिको वफादारितालाई उजागर गर्ने मुल उदेश्य लिएर पोखरा महानगरपालिकको सामाजिक परिक्षण गरिएको हो । महानगरपालिकाले विभिन्न विषयगत क्षेत्र आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन, व्यवस्थापन तथा सेवाप्रवाहको क्षेत्र मार्फत आम नागरिकको सेवागर्दै समृद्धिको वाटोमा लागेको छ । महानगरले गरेको लगानी वालुवामा पानी हाले जस्तै त भएन भन्ने आम प्रश्न उठेको छ । महानगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक तथा भौत्तिक पुर्वाधारको विकासका लागि गरिएका प्रयत्न मापनयोग्य हुन नसकेको देखिन्छ । त्यसको अर्थ सामाजिक क्षेत्रमा विकास नै भएन भन्ने चाँही होईन, तर आशातित र प्रभावकारी सफलता पाउन नसकेको अनुभूति नगरवासीको छ । महानगरपालिकाका गतिविधीका विषयमा प्रत्यक्ष रुपमा यस संस्थालाई आवश्यक तथ्यांक उपल्बध गराई दिनुहुने महानगरपालिका प्रमुख धनराज आचार्य, उपप्रमुख मन्जुदेवी गुरुङ्ग, प्रमुख प्रशासकिय अधिकृत श्याकृष्ण थापा कार्यपालिका सदस्य तथा नगरपालिका परिवारलाई हार्दिक आभार व्यक्त गर्दछौ । साथै आफना राय सल्लाह दिने हेमप्रसाद आचार्य, जयराम पौडेल, मनहर कडरिया, निर्मला शर्मा, कृष्णप्रसाद तिवारी तथा महानगरपालिका वासीप्रति पनि कृतज्ञ छौ ।



**भानु पराजुली**

**सामाजिक परिक्षक तथा विज्ञ समूह**

**विषय सूची** **पृष्ठ**


१. पृष्ठभूमि ..........................................................................................................१

२. पोखरा महानगरपालिकाको लक्ष्य र उद्देश्यहरु.........................................................................२

२.१ पोखरा महानगरपालिकाको लक्ष्य.........................................................................२

२.२ पोखरा महानगरपालिकाका उद्देश्यहरु.....................................................................३

३. सामाजिक परीक्षणको उद्देश्य ........................................................................................४

३.१ महानगरले सामाजिक परिक्षण गर्नुको उद्देश्य...........................................................४

४. विज्ञ समूह नियुक्त.........................................................................................................५

५. अध्ययन विधि ................................................................................................................५

५.१ सन्दर्भ सामाग्री र अध्ययन...........................................................................................५

५.२ अन्तरवार्ता र समूह छलफल .......................................................................................५

५.३ स्थलगत अध्ययन तथा अवलोकन.................................................................................५

५.४ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल......................................................................६

६. अध्ययनका क्षेत्र र सीमा ........................................................................ ....................६

७. पोखरा महानगरपालिकाको वर्तमान अवस्था ......................................................................६

७.१ गत आर्थिक वर्षमा पोखरा महानगरका संचालित कार्यक्रम र आयोजनाको अवस्था............६

७.२ आर्थिक वर्ष २०७९/०८० को खर्च विवरण.................................................................९

७.३. नमुना कार्यालय मापदण्ड २०७६ का सूचकहरु मापनको अवस्था...................................१०

७.४ गतवर्ष गरिएका नीतिगत र प्रक्रियागत सुधारहरु........................................................१०

**८.** सामाजिक परिक्षणमा देखिएका सवल तथा अनुकरणीय पक्षहरुरु ...............................................११

९. महानगरपालिकाका वर्तमान समस्या र चुनौतिहरु...................................................................१२

१०. सामाजिक जिम्मेवारी पुरा गर्न महानगरले चाल्नुपर्ने कदम र सुझावहरु ...................................१२

अनुसूची १: सामाजिक परिक्षणका सूचकहरु

अनुसूचि २: स्थलगत अनुगमन प्रतिवेदन

अनुसूचि ३: महानगरको कार्यदेश पत्र

अनुसूचि ४: आचारसंहिता

अनुसूचि ५: विज्ञ समूहको प्रतिवेदन प्रस्तुती

अनुसूचि ६: नमुना कार्यालय मापदण्ड परीक्षण

अनुसूची ७: आम भेला तथा सहभागीहरुको उपस्थिती विवरण

अनुसूचि ८: सामाजिक परिक्षणमा लिएका तस्विरहरु

# १.पृष्ठभूमि

गण्डकी प्रदेश सरकारले नागरिक प्रतिको जिम्मेवारी पुरा गर्न गरेको कार्यको लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित तुल्याउन वान्छनीय देखिएकोले प्रदेश सुशासन ऐन, २०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरि प्रदेश सरकारले **"सामाजिक उत्तरदायित्व प्रवर्धन निर्देशिका २०७७"** वनाई जारी गरेको हो । स्थानीय तह संचालन (आर्थिक प्रशासन) नियमावली, २०७४ को नियम बमोजिम पनि स्थानीय तहले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा



गरे वा नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई ब्यवस्थित गर्नुपर्ने उल्लेख छ । साथै यही निर्देशिकामा रही सरकारी तथा गैरसरकारी संस्थाहरु तथा सार्वजनिक संस्थाहरुले सामाजिक लेखाजोखा गर्न सकिने व्यवस्था गरिएको छ । नगरपालिका तथा गाँउपालिकाका कार्यक्रमहरुको वजेट, आम्दानी र खर्च, प्राप्त नतिजा तथा उपलब्धीहरुको सेवाग्राही नागरिकलाई जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य नै सामाजिक लेखाजोखा हो ।

सरकारी तथा गैरसरकारी कुनैपनि सरकार वा संस्थाले गरेको सामाजिक जिम्मेवारी वहन, त्यस अनुसार सञ्चालित कार्यक्रम, कार्यक्रम तथा आयोजनाहरुले ल्याएको सामाजिक उपलब्धि, सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमताको विकासका सूचकहरुलाई आधार मानी सामाजिक परीक्षण गर्नुपर्ने पनि कार्यविधिले व्यवस्था गरेको छ । सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्छन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षणबीच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा जनप्रतिनिधि, व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्छन् ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न संस्थालाई ठूलो टेवा पुग्नेछ । “सामाजिक उत्तरदायित्व प्रवर्धन निर्देशिका २०७७” को अधिनमा रही गरिएको यस पोखरा महानगरपालिकाको आ.व.०७९।०८० को सामाजिक परीक्षणको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षले सघाउनेछ । गएको आर्थिक वर्षमा पनि पोखरा महानगरपालिका कार्यालयले सामाजिक परिक्षण गरि आफ्नो सामाजिक उपलव्धीको लेखाजोखा गर्ने प्रयास गरेको थियो । यो वर्ष विगतको सामाजिक परिक्षणमा गरिएका प्रतिवद्धताको कार्यान्वयन र सुधारको पक्षका विषयमा पनि थप अध्ययन र विश्लेषण गरिनेछ ।



## २. पोखरा महानगरपालिकाको लक्ष्य र उद्धेश्यहरु

### २.१ पोखरा महानगरपालिकाको लक्ष्य

पोखरा महानगरपालिकको दीर्घकालिन सोच ‘‘समुन्नत पर्यटकीय पोखरा’’ हासिल गर्ने भन्ने छ । यही दीर्घकालिन सौँच भेटाउन तालहरु, समृद्ध संस्कृति, सुरक्षित जीवन, वैज्ञानिक दृष्टिकोण र उत्थानशील तथा समावेशी भौक्तिक पूर्वाधार सहितको सम्पन्न शहर वनाउने लक्ष्य लिएको छ । पोखराका नागरिक, नगरपालिका कार्यालय तथा नीजि क्षेत्रको साझेदारीमा पूँजि परिचालन गरि पोखरा विकास पुर्वाधार प्राधिकरण तथा सार्वजनिक उद्यमहरुको विकास मार्फत पूँजी निर्माण गरि युवाहरुको सिप, दक्षता तथा सिर्जनशिलता संगठीत र परिष्कृत गर्दै लैजाने प्रयास पनि गरिने छ ।

<u>**मुख्य आधारस्तम्भहरु :**</u>

१. जनशक्ती विकास तथा ज्ञानमा आधारित अर्थतन्त्रको विकास ।

२. आर्थिक आधुनिकीकरण तथा जनताको नीजि क्षेत्रको सबलीकरण ।

३. सुशासन तथा संस्थागत सामाजिक विकास ।

४. सन्तुलित पर्यावरण तथा समावेशी पुर्वाधार ।

५. लैंगिक तथा जातिय समानतासहितको सहभागिता ।

६. विज्ञान, प्रविधि, सूचना तथा संचार क्षेत्रको उच्चतम उपयोग ।

७. जलवायु परिवर्तन अनुकुलन ।

## २.२ पोखरा महानगरपालिकाका उद्धेश्यहरु

पोखरा महानगरपालिकाले वनाएका लक्ष्य हासिल गर्ने सिलसिलामा सवै नागरिकको मौलिक हकको संरक्षण, सामाजिक सुरक्षा एवं आत्मसम्मानको सुनिश्चितता गर्दै ज्ञान र तथ्यमा आधारित सूचना प्रविधियुक्त सिर्जनशिल र दक्ष जनशक्ती विकास गर्नु आवश्यक छ । भू-उपभोग नीति तगा योजना वनाई जमीनको उत्पादकत्व वृद्धि गर्ने तथा नगरवासी र नीजि क्षेत्रको सहभागितामा स्थानीयस्तरवाटै पुँजी निर्माण हरित समावेशी र उत्थानशील स्थानीय अर्थतन्त्रको प्रवर्द्धन गर्नको विकल्प समेत छैन् । साथै वातावरणीय सन्तुलन, जैविक विविधता र प्राकृतिक संरक्षण सहित एकीकृत विकासमा जोड दिँदै वर्तमान प्रतिष्पर्धी विश्वमा पोखरालाई उम्दा पर्यटकीय र वैभवशाली शहर वनाउन आवश्यक छ । जसको लागि निम्न उद्धेश्यहरु राखिएको छ ।



१. शहरको आर्थिक विकासको चरित्रलाई विविधायुक्त, समावेशी तथा समन्यायिक वनाई आर्थिक वृद्धिको गतिलाई तीव्र वनाउने ।

२.शहरी भवन तथा पुर्वाधार संरचनालाई सुरक्षित तथा सुव्यवस्थित वनाउँदै शहरी सेवा तथा सुविधामा शहरवासीको सहज पहुँच स्थापित गर्ने ।

३. शहरको प्राकृतिक सौन्दर्य तथा साँस्कृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गरि महानगरलाई दीगो पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्ने ।

४. महानगरवासीमा सद्भाव, सहिष्णुता एवं सहअस्तित्वको विकास गरि महानगरलाई एक आर्दश शहरका रुपमा स्थापित गर्ने ।

५. शहरको सर्वतोमुखी विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानुनको तर्जुमा, संस्थागत संरचनाको निर्माण तथा सक्षम एवं उत्प्रेरित मानव संशाधनको विकास गरी शहरी सुशासन प्रत्याभूत गर्ने ।

६. महानगरपालिका भित्र रहेका घना वस्ती एवं न्युन पुर्वाधारयुक्त ग्रामिण वस्ती दुवै क्षेत्रको सन्तुलित तथा न्यायपूर्ण आर्थिक वृद्धि र विकास गर्ने ।

## ३. सामाजिक परीक्षणको उद्देश्य

गण्डकी प्रदेश सुशासन ऐन, २०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरि प्रदेश सरकारले "सामाजिक उत्तरदायित्व प्रवर्धन निर्देशिका २०७७" वनाई स्थानीय तहले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे वा नगरेको सम्बन्धमा लेखाजोखा गर्न सामाजिक परिक्षण गर्नुपर्ने वताएको छ । सोह अनुरुप कुनैपनि स्थानीय सरकार वा संस्थाले एक आर्थिक वर्षमा समग्र सामाजिक उत्तरदायित्व पुरा गरे वा नगरेको परीक्षण ( लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै संस्थालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्रविन्दुमा रहेका छन् ।



## ३.१ महानगरपालिकाले सामाजिक परिक्षण गर्नुको उद्धेश्य

पोखरा महानगरपालिका आफैले सामाजिक परिक्षण गर्नुका उद्धेश्यहरु निम्न छ ।

- पोखरा महानगरपालिकाको वारेमा सेवाग्राही र नागरिकहरुलाई जानकारी दिन ।
- लक्षित समुदायमा पारेको प्रभावको समिक्षात्मक विश्लेषण गर्न ।
- महानगरपालिकाको खर्च र आम्दानीको स्रोतहरुको जानकारी दिन ।
- साझेदार नगरपालिकाको पारदर्शिता र जवाफदेहिता वढाउन तथा मुल्यांकन गराउन ।
- महानगरपालिकाका भावी योजना र कार्यक्रमका लागि पृष्ठपोषण लिन ।
- महानगरपालिकाका असल अभ्यास, सिकाई तथा उपलव्धीलाई आदानप्रदान गर्न ।

## ४. विज्ञ समूह नियुक्त

पोखरा महानगरपालिकाले, यस कार्यको लागि सामाजिक उत्तरदायित्व अध्ययन केन्द्र, पोखरालाई जिम्मा दिएको थियो । संस्थाका अध्यक्ष सुशासनविज्ञ भानु पराजुलीको नेतृत्वमा विज्ञ सदस्य निकिता कोईराला र धर्मराज पौडेल सदस्य रहेको ३ सदस्यीय विज्ञ समूह वनाई तोकी सामाजिक परिक्षणको कार्य प्रक्रिया अगाडि वढाएको थियो । साथै यो समुहको लागि आवश्यक परामर्श दिनको लागि तथ्यांकशास्त्री प्रा.डा विकास केसी, सुशासन विज्ञ कृषि अवस्थी र समाजशास्त्री अमृत भण्डारी रहेको सल्लाहकार समिति पनि वनाईएको थियो ।

## ५. अध्ययन विधि

पोखरा महानगरपालिका कार्यालयको सामाजिक परीक्षणलाई थप व्यवस्थित र मर्यादीत वनाउन विभिन्न अध्ययन विधि प्रयोग गरिएको छ । सामाजिक उपलव्धी खोज्न अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरिएको थियो ।

### ५.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- पोखरा महानगरपालिकाका ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- पोखरा महानगरपालिकाको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजनाहरु
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र तथा वार्षिक प्रतिवेदनहरू

### ५.२ अन्तरवार्ता र समूह छलफल

पोखरा महानगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत विभिन्न विषयगत समितिका प्रमुख तथा स्थानीय सरोकारवालाहरुसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल पनि गरियो । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो ।

### ५.३ स्थलगत अध्ययन तथा अवलोकन

सामाजिक परिक्षणका क्रममा पोखरा महानगरपालिकाले आ.व.२०७९/०८० मा संचालनमा ल्याएका विभिन्न कार्यक्रमहरुको स्थलगत निरीक्षण र अवलोकन गरि पोखरा महानगरपालिकाको सामाजिक कार्य सम्पादनका अवस्थाका वारेमा जानकारी लिईएको थियो । कार्यालयद्धारा संचालित कार्यक्रमको निरीक्षण गर्ने क्रममा लाभान्वित समूहका प्रतिनिधी, कर्मचारी,

सरोकारवालासंग अन्तरक्रिया र अभिमत संकलन गरिएको थियो । सामाजिक परीक्षण कार्यक्रम अध्ययन, स्थलगत अवलोकन, सर्वेक्षण, प्रतिवेदन प्रस्तुती तथा वहसका क्रममा १६० भन्दा वढि सहभागीले राय, विचार र सुझाव प्रस्तुत गर्नुभएको थियो ।

## ५.४ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

पोखरा महानगरपालिका कार्यालयको गत आर्थिक वर्षमा भएका कार्यक्रम मार्फत सामाजिक उपलव्धी खोज्न निम्नानुसारका शीर्षकमा केन्द्रीकृत रही प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको थियो ।

- सामाजिक परीक्षणका निष्कर्षहरू ।
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू ।
- सवालहरूको प्राथमिकीकरण र सुझावहरू संकलन ।
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता ।
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु ।

## ६. अध्ययनको क्षेत्र र सीमा

गण्डकी प्रदेश, कास्की जिल्लाको पोखरा महानगरपालिका भित्रका ३३ वटा वडा मुख्य कार्य क्षेत्र हो । समग्रमा ५ वटा मुख्य विषयगत क्षेत्रमा गएको आर्थिक वर्षमा विभिन्न कार्यक्रमहरु संचालन भएका थिए । समय र स्रोत साधनको सीमितताले गर्दा संस्थागत सामाजिक परीक्षणका क्रममा केही योजनाको कार्यान्वयनको वर्तमान अवस्थाको स्थलगत भ्रमण तथा अध्ययन गरिएको थियो । अन्तरवार्ता, समुहगत छलफल, स्थलगत अवलोकन, अध्ययन तथा सर्वेक्षणका क्रममा आवश्यक व्यक्ती, समूह, आयोजना तथा कार्यक्रमलाई व्यापक र सघन रुपमा अध्ययन तथा विश्लेषण गर्न नसकिएकोले प्रतिनिधिमुलक रुपमा मात्र गरिएको छ ।

## ७. पोखरा महानगरपालिकाको वर्तमान अवस्था

## ७.१ गत आर्थिक वर्षमा पोखरा महानगरका संचालित कार्यक्रम र आयोजनाको अवस्था

| क्र.स | गत वर्षका प्रस्तावित वार्षिक कार्यक्रमहरु | भौक्तिक प्रगति | वित्तिय प्रगति | समस्या | उपलव्धी |
|---|---|---|---|---|---|
| **पुर्वाधार महाशाखा** | सडक १७६, सडक पुल, भवन, | ५४ प्रतिशत | ४५ प्रतिशत | ➢ अत्याधुनिक प्रयोगशालाको | ➢ सहज यातायात तथा अन्य सेवा |

| | | | | | |
|---|---|---|---|---|---|
| | खानेपानी तथा सरसफाई, पर्यटन र वातावरण, अन्य निर्माण, हामी वनाउँछौ हाम्रो महानगर, संघ, प्रदेश सरकारवाट हस्तान्तरीत सर्सत अनुदान गरि १९२२ कार्यक्रम । | (गतवर्ष ५१.५) | (गतवर्ष ४६.४८) | अभावले आयोजना कार्यान्वयनमा गुणस्तर कायम गर्न कठिनाई ।<br>➢ ठेक्का सम्फौता अधिकतम घटेर गर्ने कारण योजना कार्यान्वयनमा समस्या र म्याद थप्नुपर्ने वाध्यता | प्राप्त ।<br>➢ ढुवानीमा सजिलो ।<br>➢ भाडादर घटेको<br>➢ सहज यातायात सेवा प्राप्त । |
| **शिक्षा महाशाखा** | शिक्षा अन्तरगत शैक्षिक सामाग्री, प्रयोगशाला, कक्षा कोठा व्यवस्थापन तथा तालिम लगायत संघीय सरकारवाट ५० र स्थानीयका १३८ गरि १८८कार्यक्रम | ८० (गतवर्ष ८०) | ९४.३० (गतवर्ष ९०.०६) | ➢ कानुनको तालमेल नभएको<br>➢ प्राविधिक जनशक्तीको अभाव ।<br>➢ विद्यालयको नियमित अनुगमन नहुने ।<br>➢ शिक्षक र विद्यार्थी संख्या नमिलेको । | ➢ साक्षरता दरमा वृद्धि ।<br>➢ शिक्षामा पहुँच वढेको ।<br>➢ शैक्षिक दक्ष जनशक्तीमा अभिवृद्धि ।<br>➢ शिक्षामा चेतना वृद्धि । |
| **स्वास्थ्य महाशाखा** | स्वास्थ्यसंग जोडिएको खोपदेखि औषधिसम्म, मर्मत संभार, पोषण, मेशिन, औजार | ६७ (गतवर्ष ८७) | ६५.०९ (गतवष ६३.०८) | ➢ स्वास्थ्य मापदण्ड अनुसारको भवनको अभाव ।<br>➢ नियमित औषधि र भण्डार कक्षको अभाव । | ➢ सहज स्वास्थ्य सेवा प्राप्त ।<br>➢ खोपका प्रति जनविश्वास वढेको ।<br>➢ आधारभूत |

| | | | | | |
|---|---|---|---|---|---|
| | उपकरणका संघ र स्थानीय सरकारका गरि १०७ वटामा ३९ वटा कार्यक्रम भएको छैन । | | | ➢ स्वा.संस्थामा न्युनतम पुर्वाधार खानेपानी, वस्ने ठाँउ लगायतको समस्या । | स्वास्थ्य सेवा विस्तार ।<br>➢ विमा कार्यक्रम संचालन । |
| **सामाजिक विकास महाशाखा** | सामाजिक विकास सम्वन्धी ६३, उपप्रमुखसंग महिला १ र संघीय सरकारवाट हस्तान्तरीत शर्सत अनुदानका ८ वटा गरि ७२ कार्यक्रम | ७८.२५ (गतवर्ष ७२.६०) | ६३.०५ (गतवर्ष ६५.०५) | ➢ सामाजिकउपलव्धी देखिने भन्दा पनि निर्वाहमुखी कार्यक्रम संचालन<br>➢ महाशाखाका कर्मचारी आफ्ना भन्दा गैससका कार्यक्रममा वढि सक्रिय ।<br>➢ लामो कागजी प्रक्रियवाट सेवाग्राही हैरानी ।<br>➢ वहुअपांगता भएका वालवालिका शिक्षा र स्वास्थ्यवाट वन्चित ।<br>➢ | ➢ लक्षित वर्गको क्षेत्रमा कार्य ।<br>➢ लैंगिक हिँसा पिडीतको लागि सेफ हाउस ।<br>➢ लक्षित वर्गका क्षेत्रमा काम गर्ने गैसस प्रोत्साहित । |
| **कृषि तथा पशु विकास महाशाखा** | कृषि, पशु विकास, सरकारी तथा साना उद्यम तथा संघीय सरकारवाट | ७५ (गतवर्ष ७५) | ६२.०७ (गतवर्ष ७१.१६) | ➢ वडातह सम्म कृषि प्राविधिकको अभाव ।<br>➢ भूमि व्यवस्थापन, कृषि जमिन गैर | ➢ चैते धान र गहुँ खेती विस्तार ।<br>➢ कृषि उपजको न्युनतम मूल्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | हस्तान्तरीत शर्सत अनुदानका गरि १६६ कार्यक्रममा १३ वटा भएन । | | | कृषिमा परिणत, सिँचाईको असुविधा<br>➢ व्यवसायीक उत्पादनको लागत वढनु । | तोकिनु ।<br>➢ वाँझो जमिनमा घाँस वितरण । |

## ७.२ आर्थिक वर्ष २०७९/०८० को खर्च विवरण

पोखरा महानगरपालिले गएको आर्थिक वर्ष २०७९/०८० मा नेपाल सरकारले लिएको लक्ष्य र आफ्नो उद्धेश्य प्राप्तीका लागि लक्षित समुदायको पहिचाहन आवश्यक वजेट विनियोजन गरि विभिन्न कार्यक्रम समेत गरेको छ । जुन निम्न अनुसार छ ।

| सि.नं | खर्च केन्द्र | बजेट (रु.हजारमा) | खर्च | खर्च (प्रतिशत) |
|---|---|---|---|---|
| १. | पोखरा महानगरपालिका नगरकार्यपालिकाको कार्यालय | १,३५,२४,९५,७३६ | ७५,६४,७३,४४७ | ५५.९३ |
| २. | स्वास्थ्य महाशाखा | ५०,११,६५,००० | ३३,०५,३५,९१९ | ६५.९५ |
| ३. | शिक्षा महाशाखा | १,७५,३०,६५,००० | १,६५,३१,५४,६२६ | ९४.३० |
| ४. | कृषि/पशु विकास महाशाखा | २६,४५,३२,००० | १६,४२,००,२३८ | ६२.०७ |
| ५. | सामाजिक महाशाखा | १७,६६,४७,९४४ | ११,१३,१०,८१३ | ६३.०१ |
| ६. | पुर्वाधार विकास महाशाखा | ४,२३,६७,७८,५८३ | १,७१,८३,३०,३३५ | ४०.५६ |
| | जम्मा : | वडा कार्यालयको छैन । | | ६०.१७ |

पोखरा महानगरपालिकाका ३३ वटा वडा कार्यालयहरुको खर्च गर्ने क्षमतामा धेरै नै भिन्नता देखिएको छ । सवैभन्दा वढि २७ नम्वर वडाले ९८.९७ प्रतिशत विनियोजन गरेको वजेट खर्च गरेको देखिन्छ भने सवैभन्दा कम वडा नम्वर ४ ले ५५.०२ प्रतिशत मात्रै वडामा पुगेको वजेट खर्च गरेको देखिएको छ । वडाका जनप्रतिनिधि र कर्मचारीहरुको तालमेल नमिलेको कारण खर्च हुन नसकसेको देखिन्छ । वडा कार्यालयको सही ठाँउमा खर्च गरि विकास प्रक्रियालाई चुस्त वनाउन कार्य क्षमता वढाउने कार्य गर्नुपर्ने देखिएको छ ।

## ७.३. नमुना कार्यालय मापदण्ड २०७६ का सूचकहरु मापनको अवस्था

गण्डकी प्रदेश सरकारका योजना तथा कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन, नागरिकले पाउने सेवालाई गुणस्तरीय, विश्वसनीय, पारदर्शी, मितव्ययी, छिटोछरितो र सर्वसुलभ वनाउन तथा कार्यालयलाई चुस्तदुरुस्त, नागरिकमैत्री, जवाफदेही र व्यवस्थित वनाउन प्रोत्साहित गर्न नमुना कार्यालय छनौट गरि पुरस्कृत गर्न वान्छनीय भएकाले, प्रदेश सुशासन ऐन, २०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरि गण्डकी प्रदेश सरकारले नमुना कार्यालय छनौट कार्यविधि वनाएको हो । यो कार्यविधिमा सेवा प्रवाह र कार्य प्रगतिको अवस्था, आर्थिक अनुशासन, भौक्तिक संरचना र कार्यालय व्यवस्थापन, नविनता र सृजनशिलता र कर्मचारी अनुशासन र आन्तरिक नियन्त्रण सम्वन्धी ५ वटा मुख्य विषय क्षेत्रमा १ एक सय वटा सूचकांक तोकिएको छ ।

| क्र.स | सूचकहरु | अंकभार | प्राप्तांक | गतवर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १. | सेवा प्रवाह र कार्य प्रगतिको अवस्था | ४० | २७ | २१.५ | थोरै वढेको |
| २. | आर्थिक अनुशासन | ३० | १८ | १७ | आंशिक मात्रै |
| ३. | भौक्तिक संरचना र कार्यालय व्यवस्थापन | १२ | ८ | ८ | सुधार नभएको |
| ४. | नविनता र सृजनशिलता | १४ | ८ | ६ | आंशिक मात्रै |
| ५. | कर्मचारी अनुशासन र आन्तरिक नियन्त्रण | ४ | ३ | ३ | सुधार नभएको |
| | | १०० | ६४ | ५५.५ | |

## ७.४ गतवर्ष गरिएका नीतिगत र प्रक्रियागत सुधारहरु

पोखरा महानगरपालिका कार्यालयमा अहिलेसम्म कार्यपालिका र नगरसभा मार्फत विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड तथा अन्य गरि सशोधन सहित १ सय ४३ कानुन वनेको पाइएको छ । गत आर्थिक वर्षमा मात्रै पनि संशोधन ५ र एउटा ऐन निर्माण भएको छ । ऐन ४७, नियमावली २६, कार्यविधि ३२, निर्देशिका १३, मापदण्ड ३, नीति ४, विधेयक २, आचारसंहिता २, प्रमाणित अधिकार ५ वटा संशोधित सहित वनेको छ ।

## ८.सामाजिक परिक्षणमा देखिएका सवल तथा अनुकरणीय पक्षहरु

गण्डकी प्रदेश सरकारले नागरिक प्रतिको जिम्मेवारी पुरा गर्न गरेको कार्यको लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित तुल्याउन वान्छनीय देखिएकोले प्रदेश सुशासन ऐन, २०६७ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरि प्रदेश सरकारले **"सामाजिक उत्तरदायित्व प्रवर्धन निर्देशिका २०७७"** वनाई जारी गरेको हो । स्थानीय तह संचालन (आर्थिक प्रशासन) नियमावली, २०७४ को नियम बमोजिम पनि स्थानीय तहले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे/नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई ब्यवस्थित गर्नुपर्ने उल्लेख छ । सोही अनुसार पोखरा महानगरपालिका कार्यालयको सामाजिक परिक्षण गरिएको हो । सवै ठाँउमा सामाजिक परिक्षण कार्य कार्यान्वयन नभएपनि कतिपय स्थानीय तहले गर्दै आएको पाईएको छ ।

- नक्सा तथा राजस्व र लेखा अनलाईन प्रणालीमा संचालन ।
- व्यवसाय प्रवर्द्धन केन्द्र स्थापना गरि ऋण लगानी ।
- वेरोजगार तथ्यांक संकलन गरि स्वरोजगार प्रदान ।
- युवा स्वरोजगार कार्यक्रम संचालन ।
- ५० लाख सम्मका योजना वडामा सम्झौता र कार्यान्वयन ।
- एकद्धार प्रणालीवाट सेवा प्रवाह सुरु ।
- जनतासंग मेयर, हेलो मेयर कार्यक्रम संचालन ।
- उपप्रमुखसंग महिला कार्यक्रम ।
- लेखा प्रणाली विकेन्द्रीत गरि थप जिम्मेवार ।
- वडालाई साधन, स्रोतले सम्पन्न वनाई अधिकार प्रत्यायोजन ।
- संविधान र स्थानीय सरकार संचालन ऐन भित्र रही विभिन्न ऐन कानुनहरु निर्माण ।
- लक्षित वर्ग केन्द्रीत कार्यक्रम (दलित, महिला, अपाङ्ग र जेष्ठ नागरिक) ।
- दीगो विकास लक्ष्य केन्द्रित योजना निर्माण ।
- विज्ञको सहभागितामा योजना छनौट ।
- सवै योजनाको अनिवार्य वातावरणीय मुल्यांकन ।
- जनप्रतिनिधि र कर्मचारीहरुवीच समन्वय र सन्तुलन ।
- कृषि उपज, संकलन तथा विक्री केन्द्रहरु संचालन ।

## ९. महानगरपालिकाका वर्तमान समस्या र चुनौतिहरु

पहिलो पटक वनेका धेरै स्थानीय सरकारहरुले प्रभावकारिता ल्याउन नसकेको देखिएको छ । अहिले स्थानीय तहको दोस्रो चरणको कार्यकाल सुरु भएको छ । आज तहले नियम, कानुन, लगायतका सवै काम आफैले गर्ने र शासन संचालन गर्ने काम भएको कारण अन्योल र कठिनाई पनि छ । तैपनि पोखरा महानगरपालिका आफ्नो मुख्य क्षेत्रमा अगाडि वढेको छ । कुनैपनि संस्थाका आफ्नै खालका समस्या र चुनौतिहरु रहेका हुन्छन् तिनीहरुको कार्यप्रकृति र स्रोत तथा साधानको आधारमा संस्थाहरु चलेको पाईन्छ । पोखरा महानगरपालिकाका वर्तमान समस्या र चुनौतिहरु निम्न छन् ।

- ❑ केन्द्र, प्रदेश र स्थानीय तहको योजना कार्यान्वयन र कानुनमा समन्वय नभएको ।
- ❑ विकास निर्माणमा जनश्रमदान र जनसहभागिता जुटाउन कठिनाई ।
- ❑ संस्थागत क्षमता विकास र दक्ष प्राविधिक जनशक्तीको अभाव ।
- ❑ जनअपेक्षा उच्च भएको कारण उनीहरुको माग वमोजिम गर्न कठिनाई ।
- ❑ उपलव्धीहरुको नियमित अनुगमन र गुणात्मक मापन नभएको ।
- ❑ संचालित कार्यक्रमहरुको दिगोपनामा समस्या ।
- ❑ समयमा योजना सम्झौता र कार्यान्वयन नगर्ने (ठेकेदार र समिति) ।
- ❑ उपभोक्ता समिति आफै ठेकेदार वन्ने र परिचालन गर्न नसकिने ।
- ❑ प्रविधिमैत्री संस्थागत क्षमता तथा जनशक्तीको समेत अभाव ।
- ❑ जोखिम लागत मुल्यांकन हुन नसकेको ।
- ❑ निर्माण सामाग्रीको ढुवानीमा दररेट व्यवहारिक नभएको ।
- ❑ स्थानीय मापदण्ड कार्यान्वयनमा समस्या ।
- ❑ उपभोक्ता समिति मार्फत काम गर्ने श्रमिकको विमा कार्यान्वयन नभएको ।
- ❑ योजना माग्ने तर लागत सहभागिता उठाउन पहल नगर्ने ।

## १०. सामाजिक जिम्मेवारी पुरा गर्न महानगरले चाल्नुपर्ने कदम र सुझावहरु

पोखरा महानगरपालिका कार्यालयसंगको छोटो सहकार्य गरी सामाजिक परिक्षण गर्दा हामीले केही निष्कर्षहरु पनि निकालेका छौ । जुन संस्थाले आगामी समय चाल्नुपर्ने नयाँ कदम तथा भावी कार्ययोजना निर्माणका लागि सहायक सिद्ध हुने अपेक्षा पनि राखिएको छ ।

- ❑ कानुन वनाउने कार्य प्रभावकारी वनाउने (वनाउदा प्रशस्त छलफल गर्नुपर्ने) ।
- ❑ कार्यालयको भौत्तिक पूर्वाधार सवल र सेवाग्राहीमैत्री वनाउने ।
- ❑ गरिवी निवारण र रोजगारमूलक कार्यक्रममा जोड दिने ।

- ❑ भौत्तिक पूर्वाधारहरु अपाङ्गमैत्री र वालमैत्री वनाउन पहल पर्ने ।
- ❑ विद्युतीय शासनको प्रभावकारीता थप वढाउने ।
- ❑ लक्षित वर्गका माग वमोजिम कार्यक्रम निर्माण वढाउने ।
- ❑ सडक निर्माणमा वातावरणीय प्रभाव र असरलाई ध्यान दिने ।
- ❑ दक्ष कर्मचारीको व्यवस्थापन र क्षमता वृद्धि गर्नुपर्ने ।
- ❑ उपलव्धीको दिगोपनाका लागि मापनको स्थायी संयन्त्र वनाउने ।
- ❑ कार्यालयको सुचना प्रवाह अझै व्यवस्थित गर्नुपर्ने ।
- ❑ कार्यसम्पादनमा आधाररित प्रोत्साहन पद्धति लागू गर्ने ।
- ❑ गैससहरुको नियमन र दोहोरोपना हटाउने ।
- ❑ पारदर्शिता, जवाफदेहिता, सहभागिता र विश्सनियतामा थप सक्रिय वन्ने ।
- ❑ कर्मचारीहरुलाई सेवाग्राहीमैत्री वनाई नागरिक हितमा काम गराउने ।
- ❑ अनुत्पादक क्षेत्रको खर्च र लगानी कटौति गर्ने ।
- ❑ मर्मत संभारहको लागि भरपर्दो संयन्त्रको व्यवस्थापन गर्ने ।
- ❑ पेश्की विवरण घटाउन पहल गर्ने ।
- ❑ आयोजना वा योजनाको अनुगमन र मूल्यांकनमा प्रभावकारिता ल्याउने ।
- ❑ समयमा काम नगर्ने उपभोक्ता समिति र ठेकेदारलाई कारवाहीको दायरामा ल्याउने ।
- ❑ आयोजनाको ईस्टीमेट गर्दा जोखिम लागत मुल्यांकन गर्न लगाउने ।
- ❑ निर्माण सामाग्रीको ढुवानीमा दररेट व्यवहारिक भूगोल अनुसार फरक वनाउने ।
- ❑ उपभोक्ता समिति मार्फत काम गर्ने श्रमिकको विमा कार्यान्वयन गराउने ।

**धन्यवाद ।**

# अनुसूचिहरु

## १. सामाजिक परिक्षण (सामाजिक उत्तरदायित्व प्रवर्द्धन निर्देशिका २०७७) पोखरा महानगरपालिका सूचक तथा उपलब्धीको लेखाजोखा

| सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| स्वास्थ्य | | | |
| स्वास्थ्यचौकीमा एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएका घरधुरी संख्या | १,०५,६३० जना सतप्रतिशत । | • नयाँ स्वास्थ्य चौकी निर्माण<br>• | • सहज सेवा प्राप्त । |
| ५ वर्ष मुनीका वालवालिकाहरुको प्रतिशत | ९६ प्रतिशत (९८ वाट घटेको) | • खोपको नियमितता ।<br>• सचेतना वृद्धि गराउने। | • खोपका प्रति जनविश्वास वढेको छ । |
| खोपमा पहुँच भएको जनसंख्या (१ वर्ष मुनिका वालवालिकाको आधारमा | १०७ प्रतिशत (९५ वाट वढेको) | • खोपको नियमितता ।<br>• सचेतना वृद्धि गराउने । | • खोपका प्रति जनविश्वास वढेको छ । |
| ४ पटक दक्ष स्वास्थ्यकर्मीवाट गर्भजाँच गराएका महिलाको प्रतिशत | ४०७.६ प्रतिशत (१७१ वाट वढेको) | • सेवाग्राहीलाई स्वास्थ्य संस्थामा आउन प्रेरित गर्ने | • पोखरा भन्दा वाहिरवाट वढि जँचाउन आउने । |
| दक्ष प्रसुतिकर्मीवाट प्रसुति गराएका महिलाको प्रतिशत | १९७ प्रतिशत (१६९ वाट वढेको) | • स्वास्थ्य संस्थामा प्रसुति गर्न आउन उत्प्रेरित गर्ने । | • पोखरा भन्दा वाहिरवाट वढि जँचाउन आउने । |
| झाडापखालावाट मुत्यु भएका ५ वर्ष मुनिका वालवालिकाको संख्या/प्रतिशत | - | - | - |
| शिशु मृत्यु संख्या : दर | १२३ जना | • स्वास्थ्य संस्थामा मात्रै प्रसुति गर्न सचेतना<br>• घरमा सुत्केरी हुन निरुत्साहित गर्ने।<br>• नियमति गर्भ जाँच । | • शिशु मृत्युदर उल्लेखनीय मात्रमा घटेको । |
| पहिलो वच्च जन्माउने औसत उमेरः ( प्रजनन योग्य उमेरका महिला) | २३ देखि २५ वर्ष (**विवाह पहिले गर्ने तर दर्ता गर्न ढिला आउने** । | • छिटो विवाह नगर्न सचेतना<br>• कानुनको व्यवस्था वताउने । | • छिटो विवाह गर्ने चलन घटेको तर लुकीछिपी विहे चाँही गर्ने गरेको । |
| ५ वर्ष मुनिका वालवालिकाको मुत्यु संख्या : दर | तथ्यांक नआएको । | - | - |
| स्वास्थ्य संस्थावाट कुनैपनि प्रकारको सेवा लिएका घरपरिवार संख्या | १०० प्रतिशत | • स्वास्थ्य संस्थामा सेवा लिन स्थानीयलाई उत्प्रेरित गर्ने र गराउने | • सेवाको विश्वसनीयता वढेको । |
| ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार प्रतिशत | ९८ प्रतिशत (९५ वाट वढेको) | • नयाँ भवन निर्माण ।<br>• सेवा विस्तार । | • सेवामा पहुँच वढेको । |
| संस्थागत सुत्केरी सेवाको उपभोग प्रतिशत : / संख्याः | १३०३१ ११,९०० वाट वढेको | • स्वास्थ्य संस्थामा आउन प्रेरित गर्ने | • संस्थाका प्रति जनविश्वास वढेको ।<br>• |
| | | | |

| सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | गत वर्षको अवस्था | प्रयास | उपलव्धी |
|---|---|---|---|
| शिक्षा | | | |
| आधा घण्टा भित्रमा प्राथमिक विद्यालय नपुग्ने वालवालिका संख्या केटाः केटीः | केटाः १५ र केटीः १५ | • विद्यालय जाने सडक निर्माण | • स्कुल जान सजिलो । |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादरः छात्र/छात्रा : ७४.९ प्रतिशत | छात्रा : ७६.२७ प्रतिशत,<br>छात्र : ७३.४५ प्रतिशत<br>जम्मा : ७४.०९ प्रतिशत | • विद्यालय भर्ना अभियान संचालन । | • विद्यालयमा भर्ना हुने विद्यार्थी संख्या वृद्धि । |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका वालवालिका संख्या छात्र /छात्रा : | त्यस्तो समस्या नभएको | नभएको | नभएको |
| तहगत (१-१२) मा खुद भर्नादर | **तहगत**<br>१-५ : ७६.३४ प्रतिशत<br>६-८ : ९७.१प्रतिशत<br>९-१० : ९३.४प्रतिशत<br>११-१२ : ५९.५ प्रतिशत | • तहगत रुपमा नै विद्यार्थी भर्ना दर वढाउन पाठ्यपुस्तक निशुल्क वितरण, छात्रवृत्ति वितरण लगायत गरिएको | • विद्यालय छाड्ने दरमा कमी आएको । |
| तहगत (१-१२) कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने र कक्षा उर्तीण हुने दर | **तहगत** : कक्षा छाड्ने<br>१-५ : १.२ प्रतिशत<br>६-८ : १.७ प्रतिशत<br>९-१० : १.३ प्रतिशत<br>**कक्षा दोहोऱ्याउने**<br>१-५ : २.५ प्रतिशत<br>६-८ : ३.९ प्रतिशत<br>९-१० :३.३ प्रतिशत | • शिक्षाको गुणस्तरीयता वृद्धि गर्न तालिम, प्रशिक्षण, भ्रमण गर्ने । | • कक्षा छाड्ने दरमा कमी आएको तथा कक्षा दोहोऱ्याउने र कक्षा उर्तीण हुने दरमा कमी नआएको । |
| तहगत (आधारभूत, माध्यमिक) रुपमा तालिम प्राप्त शिक्षक संख्या म/पु वा अन्य | **तहगत** १-५ : १०३४ जना<br>६-८ : ३११ जना<br>९-१० : ३२४ जना<br>११-१२ : १०३ जना | • शिक्षकलाई नियमित तालिमको व्यवस्था | • शिक्षकहरु दक्ष वनेको । |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | **तहगत**<br>आधारभूत : २० जना<br>मा.वि : ४० जना | • नयाँ थप कक्षा कोठा निर्माण गर्ने कार्य । | • विद्यार्थीहरुलाई कक्षा कोठामा वस्न सजिलो । |
| विद्यार्थी शौचालय अनुपातः छात्र /छात्रा | ५८ जना | • शौचालय निर्माण गर्ने कार्य वढेको | • विद्यार्थीहरुलाई सहज शौचालय सुविधा । |
| सुरक्षित पिउने पानी(पर्याप्त) उपलव्ध भएका विद्यालय संख्या | २०३ वटा<br>गतवर्ष मात्रै ३ वटा विद्यालय मर्ज भएको छ । | • सुरक्षित पिउने पानी उपलव्ध संरचना निर्माण गर्ने । | • सहज पिउने पानी सुविधा भएको । |
| प्रदेश तहवाट/साझेदारीमा निर्मित विद्यालय कोठा संख्या : | छैन् | छैन् | छैन् |
| दलित वालवालिकाको शिक्षामा पहुँच प्रतिशत (विद्यालय छाड्ने दर तथ्यांकमा नआएको: शिक्षा महाशाखा) | १०० प्रतिशत (**९५०० जना** | • दलित छात्रवृत्ति वितरण, पुस्तक, पोशाक निशुल्क | • विद्यालयहरुमा दलित विद्यार्थीको पहुँच विस्तार र संख्यामा वृद्धि |
| सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, जोखिमयुक्त समुदायका वालवालिकाहरुको शिक्षामा पहुँच प्रतिशत | त्यस्तो नभएको | नभएको | नभएको |

| सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| खानेपानी तथा सरसफाई | | | |
| स्वच्छ पिउने पानी उपलब्ध घर परिवार संख्या/प्रतिशत (गतवर्ष ९० वाट वढेको ) | ९३ प्रतिशत ( एक घर एक धारा अभियानलाई आधार मानिएको) | • प्रदेश तथा स्थानीय सरकारको एक घर एक धारा अभियान संचालन । | • स्वच्छ पिउने पानीमा पहुँच विस्तार । |
| एक घर एक धारा भएका घरपरिवार संख्या/प्रतिशत | ९३ प्रतिशत<br>गतवर्ष ९० वाट वढेको | • प्रदेश तथा स्थानीय सरकारको एक घर एक धारा अभियान संचालन । | • स्वच्छ पिउने पानीमा पहुँच विस्तार । |
| सुरक्षित शौचालय भएका परिवार संख्या/प्रतिशत | ९८ प्रतिशत (गतवर्ष९७ वाट वढेको | • खुल्ला दिशामुक्त घोषणा | • अधिकांशको घरमा पक्की शौचालय निर्माण |
| सुधारिएको चुलो भएका परिवार संख्या/प्रतिशत (आधुनिक चुलो सहित) | ९० प्रतिशत (८५ वाट वढेको ) | • आधुनिक र सुधारिएको चुलो प्रयोगमा जोड दिने नीति | • आधुनिक र सुधारिएको चुलो प्रयोग वृद्धि । |

| सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| वालवालिका, महिला तथा समावेशी क्षेत्र | | | |
| वालविवाहको संख्या : | शुन्य | • सचेतना वढाउने | • वालविवाह नभएको । |
| सामाजिक विकृति जस्तैः वोक्सी, छाउपडी, छुवाछुतको घटना संख्या | घटना दर्ता नभएको । | • | • घटना नभएको । |
| आधारभूत सामाजिक सुरक्षा प्राप्त गरेका जेष्ठ नागरिक, एकल महिला, अपांग, अल्पसंख्यक वर्ग, जाती तथा संकटापन्न समुदाय प्रतिशत अलत अलग रुपमा | जेष्ठ नागरिक :२००१४ जना<br>दलित : २३५४ जना<br>एकल महिला : २४८६ जना<br>विद्यवा महिला :३९९७ जना<br>पुर्ण अपांग : ८४९ जना<br>आ.अपागं :१०१७ जना<br>दलित वालवालिका : २३१०<br>लोपोन्मुख जाती : ६ जना | • घटना दर्तालाई अनलाईन मार्फत प्रभावकारी वनाउने<br>• कानुन सम्मत सामाजिक सुरक्षा दिन प्रोत्साहन । | • घटना दर्ता चुस्त भएको ।<br>• पाउनुपर्नेले पाएको ।<br>• कुल ३१०१७ जनाले सामाजिक सुरक्षा पाए । |
| वालश्रममा रहेका वालवालिका संख्या : | • गतवर्ष ५० जना सडक र २० जना अनाथ वालवालिकाको उद्धार गरिएको थियो । | • वार्षिक कार्यक्रम सम्वन्धी नियमित वालश्रम निरिक्षण उद्धार हुने गरेको | • उद्धार गरि, वालश्रम प्रयोग गर्नेलाई जरिवाना लगाई वालवालिकालाई निजकै अभिभावकको जिम्मा लगाईयो । |
| घरेलु हिँसा, यौनिक हिँसा, जातीय भेदभावको घटना संख्या | महानगरको न्यायिक समितिमा ९४ वटा दर्ता । अ.ल्या ११३ वटा | • अ.ल्या सहित गरि ९६ उजुरीलाई समिति मार्फत मिलापत्र । | • विवाद मिलापत्र भई परिवारवीच राम्रो सम्वन्ध । |
| आकस्मिक प्रसुति सेवाका लागि एयर एम्वुलेन्सवाट उद्धार गर्भवती संख्या | त्यस्तो परेको छैन् | छैन् | छैन् |
| मानव ओसार पसार र वेचविखनमा परेका संख्या | छैन । | • सचेतना फैलाउने । | • कुनैपनि घट्ना नभएको । |
| | | • | • |

| सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | गत वर्षको अवस्था | प्रयास | उपलव्धी |
|---|---|---|---|
| जनचेतना तथा गरिवी निवारण | | | |
| स्वास्थ्य विमामा आवद्ध जनसंख्या | १,४०,७९२ जना<br>**(२२ हजार वढेको छ।**<br>(५७४०१ घरपरिवार ) | • स्वास्थ्य विमा गराउन अभिप्रेरित गर्ने ।<br>• घरघरमा विमा गर्न पठाउने ।<br>• विमाका फाईदाका वारेमा सचेतना दिने। | • विमा गर्ने जनसंख्या वृद्धि ।<br>• विमा मार्फत सर्वसुलभ सेवा प्राप्त । |
| घरेलु हिँसा, यौनिक हिँसाको अवस्था (घटना संख्या, पीडित संख्या, महिला, वालवालिका...) | महानगरको न्यायिक समितिमा ९४ वटा दर्ता ।<br>अ.ल्या ११३ वटा | • अ.ल्या सहित गरि ९६ उजुरीलाई समिति मार्फत मिलापत्र । | • विवाद मिलापत्र भई परिवारवीच राम्रो सम्वन्ध । |
| रोजगारीको अवस्था | करिव ४५ सय जनाले रोजगार पाएको ।<br>(आर्थिक प्रशासन महाशाखा)<br>श्रम तथा रोजगार एकाइमा ७९२ श्रमिक वेरोजगार सूचिकृत ।<br>रोजगार वैंकको स्थापना ।<br>पुन एकीकरण कार्यक्रम। | • अनुदान, क्षमता विकास र तालिमका कार्यक्रम संचालन गरिएको । | • कृषि र पशुपालनमा युवाहरुको आकर्षण वढेको पाईएको छ ।<br>• सूचिकृत भएका मध्ये १४० ले रोजगार । |
| स्वरोजगारका प्रयासहरु | विभिन्न तहका अनुदानका कार्यक्रम संचालन ।<br>उपप्रमुखसंग महिला कार्यक्रम ।<br>व्यवसाय प्रवर्द्धन कार्यक्रम । | • गतवर्षका अनुदानको फ्लोअप गरिएको ।<br>• ऋण, अनुदान दिने | • कृषि र पशुपालनवाट करिव ११ सय जना आत्मनिर्भर वनेको पाईएको छ । |
| गरिवी न्यूनिकरणका प्रयासहरु | गरिव लक्षित कार्यक्रमहरु संचालन ।<br>गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ।<br>विकासमा जनसहभागिता, लागत साझेदारी संचालन । | • न्युन आय भएकालाई प्राथमिकता दिने ।<br>• कृषि, पशु तथा उद्यममा अनुदान ।<br>• गरिव घरधुरी पहिचान ।<br>• व्यवसाय प्रवर्द्धन । | • करिव एक हजार जना लाभान्वित भएको ।<br>• महिला उद्यमशिलतामा वृद्धि ।<br>• |
| कृषि तथा पशु विमामा आवद्ध जनसंख्या : | २९००० जना । | • निशुल्क विमा गरिएको । | • १४०० जनाले क्षतिपुर्ति पाएका छन् । |
| वातावरण सुधारका प्रयासहरु | वातावरण संरक्षण र दीगो विकास संग जोडिएका विभिन्न कार्यक्रम संचालन । | • चौतारी,पोखरी पुर्ननिर्माण, मुहान संरक्षण,वृक्षारोपण ।<br>• सार्वजनिक शौचालय निर्माण ।<br>• संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भीक वातावरणीय | • हरेक आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भीक वातावरणीय परिक्षण भएको ।<br>• चौतारी, पोखरी पुर्ननिर्माण, मुहान संरक्षण तथा वृक्षारोपण मार्फत हरियाली वढाएको । |

| | | | |
|---|---|---|---|
| | | परिक्षण कार्य विधि २०७९ निर्माण ।<br>● वतावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ | |
| एच.आई.भी. र एड्स, कोभिड विरुद्धको सचेतना प्रतिशत : | यस सम्वन्धी तथ्यांक महानगरमा नआउने । | ● काउन्सिलिङ्ग र परिक्षण कार्य गरिएको । | ● सुरक्षित वन्ने विषयमा सचेत वनेको । |
| विकासमा समावेशी सहभागिता प्रतिशत: | गत वर्ष महानगरमा गठन भएका ५० लाख रुपैयाँ भन्दा ठुला ५६ वटा योजना उपभोक्ता उपभोक्ता समिति मध्ये १४ वटामा जनजाती अध्यक्ष भएको छ भने वाँकी ४२ वटामा खसआर्य समूहको पुरुष मात्रै अध्यक्ष भएको देखिन्छ । महिला तथा दलित समुदायको एक जना पनि प्रतिनिधित्व छैन । | ● महानगरका हरेक समितिमा ३३ प्रतिशत महिला सुरक्षित छ, अझै सहभागिता वढाउन क्रियाशिल । | ● विगतमा भन्दा महिला, दलित, जनजाती वर्गका नागरिकको पनि विकासमा सहभागिता वढेको छ ।<br>● यो तथ्यांक अघिल्लो वर्ष भन्दा सुधारिएको छ । तर सन्तोषजनक छैन् । |
| **सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धी** |
| सेवाहरुमा पहुँच | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | १५ देखि २५ मिनेट | ● किसान वजार स्थापना | ● ५ देखि १५ मिनेटमा समय घट्यो । |
| कृषि, पशु, स्वास्थ्य केन्द्रमा पुग्न लाग्ने औषत समय | १५ देखि ३० मिनेट | ● ६ वटा कृषि सेवा केन्द्र स्थापना | ● १५ देखि २५ मिनेटमा समय घट्यो । |
| भौगोलिक क्षेत्र,महिला, पिछडीएको तथा सिमान्तकृत, संकटापन्न वर्गको संख्या, निजहरुले पाएको सेवा तथा दिईएको विषेश अवसरहरु | गत वर्षसम्म ३ सय भन्दा वढि कृषक समूहहरु गठन र दर्ता भएका छन् । | ● कृषक समूह थप दर्ता । | भौगोलिक क्षेत्र, महिला, पिछडीएको सिमान्तकृत, संकटापन्न वर्गको संख्याले लक्षित कार्यक्रम पाएको । |

| सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| पुर्वाधार विकास, वातावरण र विपद् व्यवस्थापन | | | |
| एक घण्टाको दुरीमा सार्वजनिक यातायात चल्ने सडक संजालसम्म जोडिएको परिवार प्रतिशत | ९२ प्रतिशत<br>(९० वाट वढेको) | ● सडक स्तरोन्नती, पुल निर्माण तथा सार्वजनिक यातायात संचालन । | ● सहज यातायात सेवा प्राप्त ।<br>● ढुवानीमा सजिलो ।<br>● भाडादर घटेको । |
| विधुतमा पहुँच प्राप्त परिवार प्रतिशत | ९९ प्रतिशत<br>(९८ वाट वढेको) | ● थप विद्युतीकरण गरिएको | ● विजुलीको पहुँच विस्तार । |
| आधारभूत स्तरको पिउनेपानी सुविधा पुगेको परिवार प्रतिशत | ९३ प्रतिशत<br>(९० वाट वढेको) | ● प्रदेश तथा स्थानीय सरकारको एक घर एक धारा अभियान संचालन । | ● स्वच्छ पिउने पानीमा पहुँच विस्तार । |
| एक घर एक धारा भएको घरधुरी प्रतिशत : | ९३ प्रतिशत<br>९३ प्रतिशत<br>(९० वाट वढेको) | ● प्रदेश तथा स्थानीय सरकारको एक घर एक धारा अभियान संचालन । | ● स्वच्छ पिउने पानीमा पहुँच विस्तार । |

| | | | |
|---|---|---|---|
| ईन्टरनेटको प्रयोगकर्ता प्रतिशत | ७५ प्रतिशत (७० वाट वढेको) | ● दुरसंचार प्रदायक संस्थाको टावर विस्तार तथा क्षमता विस्तार कार्य<br>● मोवाईल डाटा प्रयोग सहज वनाएको । | ● सहज रुपमा फोन तथा ईन्टरनेट उपभोग गरेको ।<br>● शैक्षिक संस्थामा अनलाईन कक्षा पढाई भएको । |
| सुरक्षित भवन मापदण्ड अनुसारको घरमा वसोवास गर्ने परिवार प्रतिशत | ८५ प्रतिशत (८० वाट वढेको) | ● सुरक्षित भवन मापदण्ड तथा आचारसंहिता लागू । | ● सुरक्षित वासको सुनिश्चितता भएको । |
| पुर्नस्थापना, राहत र उद्धारवाट लाभान्वित संख्या र कुल विपद् प्रभावितहरु मध्ये त्यस्तो सुविधा प्राप्त गर्ने प्रतिशत | पुर्नस्थापना, राहत र उद्धार कार्यक्रम संचालन । | ● तत्काल राहत वितरण, सडक निर्माण, पहिरो नियन्त्रण कार्य ।<br>● वडाको सिफारिसमा प्रमाण सहित आएका मध्ये अधिकांशलाई सहयोग गर्ने गरेको | ● ३५ जना पुर्नस्थापित ।<br>● २० जनाले राहत प्राप्त ।<br>● ४ लाख रुपैयाँ राहत<br>● आएका मध्ये ९० प्रतिशत लाई राहतदिएको । |
| विपद् संकटापन्न वस्तीहरु संख्या र त्यसमा वसोवास गर्ने परिवार संख्या | तथ्यांक छैन । | ● विपत प्रतिकार योजना निर्माण सुरु भएको छ । | ● यो वर्ष वन्ने छ । |
| सुरक्षित वस्ती विकासवाट लाभान्वित परिवार संख्या | तथ्यांक छैन । | तथ्यांक छैन । | तथ्यांक छैन । |

| सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | गत वर्षको अवस्था | प्रयास | उपलव्धी |
|---|---|---|---|
| सुशासन | | | |
| सार्वजनिक सुनुवाई गरेको पटक, सार्वजनिक सुनुवाईमा नागरिकका तर्फवाट उठाईएका सवाल संख्या र सम्वोधन गरिएका सवाल संख्या | गतवर्षको वार्षिक कार्यक्रममा यो कार्यक्रम समावेश गरिएको | ● एउटा पालिकास्तरवाट भएको । | ● सार्वजनिक सुनुवाई मार्फत आएको गुनासा सुनुवाई । |
| नागरिकका तर्फवाट दर्ता गुनासो संख्या र सम्वोधन गरिएका संख्या | गुनासा आएको तर दर्ता गर्ने अभ्यास नै नभएको । कति गुनासा दर्ता भए त्यसको तथ्यांक छैन्। | ● आएका गुनासा केही सम्वोधन भएको तर तथ्यांक राखिएको छैन् । | ● उपलव्धी मापनको स्पष्ट आधार नै आएन । |
| कार्यालयको वेभसाईट निर्माण र संचालनको अवस्था, लेखा र प्रशासन सम्वद्ध सुचना राखिएको अवस्था, आलेप र मलेप प्रतिवेदन राखिएको अवस्था, कूल बेरुजु फर्सौटको अवस्था र रकम, असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने रकम र कार्यप्रगति, नियमित प्रगति प्रतिवेदन संप्रेषणको अवस्था, अनुगमन प्रतिवेदनहरु, अनुगमनका पृष्ठपोषणहरु र कार्यान्वयनको अवस्था (नमुना परिक्षण गरेर) | कार्यालयको वेभसाईट छ, तर अपडेट छैन् । लेखा र प्रशासन सम्वद्ध सुचना राखिएको अवस्था, आलेप र मलेप प्रतिवेदन राखिएको छैन् । साथै अवस्था, कूल बेरुजु फर्सौटको अवस्था र रकम, असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने रकम र कार्यप्रगति, नियमित प्रगति प्रतिवेदन संप्रेषणको अवस्था, अनुगमन प्रतिवेदनहरु, अनुगमनका पृष्ठपोषणहरु र कार्यान्वयनको अवस्था नराखिएको । | ● अपडेट गर्ने प्रयास गरिएको तर सवै अपडेट नभएको । | ● सामान्य सूचना र जानकारी मात्रै वेभसाईटमा पाईने । |
| नागरिकको समावेशी सहभागिताको अवस्था | महानगरका हरेक समितिमा ३३ प्रतिशत महिला सुरक्षित छ, । | ● महानगरका हरेक | ● विगतमा भन्दा महिला, दलित, |

| | | | |
|---|---|---|---|
| | गत वर्ष महानगरमा गठन भएका ५० लाख रुपैयाँ भन्दा ठुला ५६ वटा योजनाका उपभोक्ता समिति मध्ये १४ वटामा जनजाती अध्यक्ष भएको छ भने बाँकी ४२ वटामा खसआर्य समूहको पुरुष मात्रै अध्यक्ष भएको देखिन्छ । महिला तथा दलित समुदायको एक जना पनि प्रतिनिधित्व छैन । | कार्यक्रममा महिला, दलित, जनजाती, लोपोन्मुख जातीको सहभागिता वढाउन । | जनजाती वर्गका नागरिकको पनि विकासमा सहभागिता वढेको छ । |
| कार्यालयको सेवा प्रवाहवाट नागरिक सन्तुष्टी सर्भेक्षणको अवस्था र नतिजा | गतवर्षको वार्षिक कार्यक्रममा यो कार्यक्रम समावेश गरिएको | • कुनैपनि कार्यक्रम नभएको । | • छैन् । |
| कार्यालयमा नागरिक वडापत्र, सूचना पार्टी, गुनासो पेटिका, जनसम्पर्क कक्ष, कुन कक्षवाट के सेवा प्रवाह हुन्छ, स्पष्ट देखिने लोकेसन म्याप वोर्ड | नागरिक वडापत्र, सूचना पार्टी, गुनासो पेटिका, जनसम्पर्क कक्ष छ भने कुन कक्षवाट के सेवा प्रवाह हुन्छ, स्पष्ट देखिने लोकेसन म्याप वोर्ड छैन् । | • कुन कक्षवाट के सेवा प्रवाह हुन्छ, स्पष्ट देखिने लोकेसन म्याप वोर्ड डिजिटल वनाउने कार्य सुरु । | • सेवाग्राही नअलमलिने र सहज सेवा लिन सक्ने । |
| कार्यालयमा देहाय अनुसारका नागरिक मैत्री सुशासनयुक्त अवस्था रहे नरहेको यकिन गरि उल्लेख गर्ने,<br>पिउनेपानी, शौचालय, (अपांगमैत्री, वालमैत्री, महिला र यौनिक अल्पसंख्यक मैत्री), सेवाग्राही प्रतिक्षालय व्यवस्थापन, नागरिक सहायता कक्ष,गुनासो व्यवस्थापन अधिकारी, सूचना अधिकारी । | पिउनेपानी छ भने शौचालय अपांगमैत्री, वालमैत्री, महिला र यौनिक अल्पसंख्यक मैत्री, छैन् । सेवाग्राही प्रतिक्षालय व्यवस्थापन, नागरिक सहायता कक्ष, गुनासो व्यवस्थापन अधिकारी, सूचना अधिकारी भने छन् । | • महानगरको नयाँ भवनमा यो सवै विषय समेटिने छ ।<br>• नयाँ वनेका वडा कार्यालयका भवनहरुमा यो लागू छ । | • अपांगता, वालवालिका, महिला र यौनिक अल्पसंख्यक मैत्री सवैलाई सहज हुनेछ ।<br>• सेवा प्रवाहका वारेमा गुनासो सुन्ने र कार्य सम्पादन सजिलो वनेको छ । |

सामाजिक परिक्षकको नाम :
दस्तखत :
संस्थाको नाम :
मितिः

सामाजिक परिक्षकको नाम :
दस्तखत :
संस्थाको नाम :
मितिः

# २. पोखरा महानगरपालिका

# स्थलगत आयोजना तथा योजना अनुगमन प्रतिवेदन २०७९

## १. शिक्षा महाशाखा

पोखरा महानगरपालिका शिक्षा महाशाखाले यहाँका ३३ वटा वडामा शिक्षासंग जोडिएका विभिन्न विषयमा काम गर्दै आएको छ । शिक्षकको तलव व्यवस्थापनदेखि सरुवा, वढुवा तथा विभिन्न शैक्षिक पुर्वाधार वनाउने काम पनि महाशाखाले गर्दै आएको देखिन्छ । विभिन्न योजना तथा आयोजना र कार्यक्रम मध्ये सामाजिक परिक्षण कार्यको शिलशिलामा पोखरा महानगरपालिका वडा नम्वर ३३ भरतपोखरामा रहेको शुक्लागण्डकी र नवज्योति आधारभूत विद्यालयमा स्थलगत अवलोकन भ्रमण गरिएको थियो । एउटै वडामा शुक्लागण्डकी र नवज्योतिवीच ठूलो भिन्नता छ । शुक्लागण्डकी सुविधा सम्पन्न मात्रै छैन गुणस्तरीय शैक्षिक, भौक्तिक पुर्वाधारले पनि राम्रो छ । भने नवज्योति चाँही हेलाकै पात्र वनेको छ । जहाँ ३ जना विद्यार्थी र २ जना मात्रै शिक्षक रहेको देखिन्छ । शुक्ला गण्डकीको ५० लाखको नयाँ भवनमा विज्ञान तथा कम्प्युटर प्रयोगशाला निर्माण गर्ने योजना छ । तर नवज्योति वन्द गर्ने के गर्ने भन्ने अन्योलमा छ ।

१.१ शुक्लागण्डकी आ.वि

**<u>मुख्य सवाल :</u>**

१. भवनको गुणस्तरीयतामा ध्यान दिनुपर्ने ।

२. प्राविधिकहरुको नियमित अनुगमन हुनपर्ने ।

३. वोलाएको समयमा प्राविधिक नजाने ।

४. विद्यालयमा जनशक्तीको अभाव ।

५. स्थानीयको सहभागिता राम्रो छ ।

५.विद्यालयको पर्खाल लगाउनुपर्ने देखिन्छ ।

### १.२ नवज्योति आ.वि

**<u>मुख्य सवाल :</u>**

१. विद्यालयको शिक्षामा चासो नभएको ।

२. नियमित अनुगमन हुनपर्ने ।

३. कमजोर भौक्तिक पुर्वाधार ।

४. विद्यालयमा जनशक्तीको अभाव ।

५. स्थानीयको सहभागिता छैन् ।

५.विद्यालयको पर्खाल लगाउनुपर्ने देखिन्छ ।

## २. स्वास्थ्य महाशाखा

पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा महानगरभित्रका नागरिकको स्वास्थ्य सेवा प्रदायक निकाय हो । महाशाखा अन्तरगत विभिन्न स्वास्थ्य चौकी, शहरी स्वास्थ्य प्रवर्धन तथा केन्द्र मार्फत नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै आएको देखिन्छ । नियमित खोप, पोषण, परिवार नियोजन, सुरक्षित मातृत्व, क्षयरोग, संक्रामक रोग नियन्त्रण लगायतका विभिन्न क्षेत्रमा सेवा दिँदै आएको छ । यही २०८० मंसिर २१ गते पोखरा महानगरपालिका-२९ मा रहेको शहरी स्वास्थ्य केन्द्रको अवलोकन गरिएको छ । संस्थामा ५ जना कर्मचारी छन् । संस्थाले दिँदै आएका नियमित सेवा वाहेक गतवर्ष गर्भपतन सेवा, परिवार नियोजनको थप सेवा विस्तार, कोभिड खोप, संक्रामक रोग नियन्त्रण गरेको छ ।

१. जनशक्तीको अभावले सेवा प्रभावित छ ।

२. आफ्नै भवन भएपनि पर्याप्तता छैन् ।

३. स्वास्थ्य संस्थाका कर्मचारी पुर्नसंरचना तथा श्रेणी विभाजन गर्नुपर्ने ।

४. कार्यक्रम थप्नुपर्ने ।

५. अधिकार विकेन्द्रीकरण गरिदिनुपर्ने ।

६. औषधि स्टकआउट हुने ।

७. स्वास्थ्यको भिन्नै खरिद शाखा वनाई झन्झट हटाउनुपर्ने ।

९. आफ्नै सक्रियतामा अभिमुखीकरण, पोषण कार्यक्रम, तालिम, डेंगु सचेतना, नसर्ने रोग सचेतना, सुगर परिक्षण, आत्महत्या रोकथाम सम्वन्धी सचेतना, पाठ्यघरको मुखको क्यान्सर सम्वन्धी सचेतना लगायतका कार्यक्रम मार्फत वडामा स्वास्थ्य सचेतना वढाएको छ ।

## ३. सामाजिक महाशाखा

पोखरा महानगरपालिकको सामाजिक महाशाखा विभिन्न सामाजिक कार्यक्रम संचालन गर्ने संस्था हो । यहाँ मार्फत विभिन्न महिला, दलित, अपाङ्गता, वालवालिका, जेष्ठ नागरिक, जनजाती लगायत समुदायका नागरिकको सामाजिक उत्थान तथा विकासको लागि काम हुँदै आएको छ । महाशाखाले विभिन्न स्वरोजगारमुलक कार्यक्रम पनि चलाउँदै आएको छ भने उनीहरुको नेतृत्व विकासमा पनि टेवा दिँदै आएको तथ्य छ । यही सामाजिक परिक्षण सिलसिलामा महानगरको उपप्रमुखसंग महिला कार्यक्रमका केही योजनाको स्थलगत अनुगमन समेत गरिएको छ । सोही क्रममा पोखरा १९ गोस्तेमा तथा वडा नं १६ अतिथि गार्मेन्टमा स्थलगत अनुगमन र छलफल गरिएको थियो ।

**३.१ गोस्ते हस्तकला उद्योग :** पोखरा महानगरपालिका १९ गोस्ते सेती नदी किनारमा वसोवास गर्ने महिला मजदुरहरुलाई उद्यमशिल वनाउन यहाँको टोल विकास संस्था मार्फत २०७५ सालमा यो उद्योग संचालनमा ल्याएको देखिन्छ । उपप्रमुखसंग महिला कार्यक्रम मार्फत १३ लाख रुपैयाँ ऋण सहयोग दिएर संचालनमा ल्याईएको यो उद्योग अहिले पूर्ण वन्द छ । कोभिडको चपेटामा यो उद्योग परेको देखिन्छ उद्यपि यो छनौट ठिक नभएको देखिन्छ । किनकी उनीहरुको माग र आवश्यकता भन्दा पनि वडाको जोडवलमा यो ऋण लगेको देखिन्छ, जसका कारण यो ऋण डुवेको छ ।

मुख्य सवाल :

१. माग र आवश्यकता भन्दा पनि राजनीतिक पहुँचमा ऋण लगानी ।

२. कच्चा पदार्थको अभाव थियो ।

३. उद्यशिल वनाउन खोजेपनि स्थानीयको चासो छैन ।

४. महानगरको १३ लाख लगानी डुव्यो । प्रतिफल आउँदैन ।

५. हस्तकलाका सामान उत्पादन नगरी वन्द छ ।

**३.२ अतिथि गार्मेन्ट :** पोखरा महानगरपालिका १६ वाटुलेचौरमा पार्वती थापा वस्नेतले २०७७ सालमा दर्ता अतिथि गार्मेन्ट व्यवसाय सुरु गर्नु भएको हो । यो गार्मेन्ट कोभिडपछि खुलेको हो । भने हाल ४ जनाले रोजगारी पाएको अवस्था छ । गत आर्थिक वर्ष उपप्रमुखसंग महिला कार्यक्रम मार्फत २ लाख रुपैयाँ ऋण सहयोग पाएपछि योगी थप उत्साहित वनेको पाईएको छ । उहाँले महानगरको रकमवाट थप नयाँ मेशिन थपिएको र संगै कामदार पनि थप गरेको जानकारी दिनुभयो ।

**मुख्य सवाल :**

१. वजारको समस्या छ, वजारीकरणको व्यवस्थापन गरिदिनुपर्ने देखिन्छ ।

२. लगानी पर्याप्त छैन ।

३. उद्योगको स्थायित्व गरिदिनुपर्ने ।

४. विजुलीको समस्या छ ।

५. ढुवानी महङ्गगो भएको कारण सामानको मुल्य धेरै पर्ने गरेको छ ।

६. कर्मचारीको सामाजिक सुरक्षाको व्यवस्था छैन् ।

७. सिप पनि रोजगार पनि भएको छ ।

८. सरकारले उत्पादनमा ध्यान दिनुपर्ने देखिन्छ ।

९. न्युन व्याजदरको ऋण व्यवस्थापन गरिदिनुपर्ने देखिन्छ ।

१०. अनुदान कटौति गर्नुपर्ने देखिन्छ ।

## ४ आर्थिक विकास महाशाखा

पोखरा महानगरपालिकाको सवैभन्दा सक्रिय महाशाखा यही हो । जहाँ कृषि, पशुपालन लगायत आर्थिक उपार्जनसंग जोडिएका विषयहरु छन् । पोखरा महानगर भएपनि यहाँका अधिकांश ग्रामिण वडाहरुको मुख्य आयस्रोत कृषि र पशुपालन नै हो । त्यसैले पनि यो महाशाखामा विगतमा भन्दा वजेट वढेको भएपनि देखिने गरि आर्थिक विकासमा फड्को मार्न नसकेको गुनासो कहिलेकाँही उठ्ने गरेको पाईएको छ । यो महाशाखा अन्तरगत संचालित विभिन्न कार्यक्रम मध्ये एउटा कृषि अन्तरगतको पोखरा १६ च्याउ र मौरी तथा पोखरा १६ र १९ को सिमाना कृषि वजार संकलन केन्द्रका किसानसंग छलफल गरिएको थियो । महानगरपालिकाले कृषि सामाग्रीको न्युनतम शर्त मुल्य तोकेपछि किसान थप उत्साहित भएको पाईएको छ ।

**मुख्य सवाल :**

१. महाशाखाको सहयोगले किसान उत्साहित ।

२. विचौलिया नियन्त्रण गर्नुपर्ने आवश्यकता ।

३. कतिपय जमिनमा सिँचाईको असुविधा ।

४. कोल्डस्टोर वनाउनुपर्ने ।

५. वाँदर आतंकले हैरानी भएको छ ।

६. प्राविधिक र उपकरण सहयोग वढाउनुपर्ने ।

७. किसानमैत्री विमा गर्नुपर्ने ।

८. चोरी नियन्त्रणको लागि सुरक्षा प्रवन्ध गरिदिनुपर्ने तारवार गर्ने ।

९.अनुदान नदिई सहुलियत ऋण सहयोग गरिदिनुपर्ने ।

## ५ पुर्वाधार महाशाखा

पोखरा महानगरपालिकको विकास निर्माणको नेतृत्व गर्ने महाशाखा पुर्वाधार महाशाखा हो । भवन, सडक देखि पुलसम्मका काम यो महाशखा मार्फत हुँदै आएको छ । तर जति निर्माणका कार्य भएपनि गुणस्तरका विषयमा वेला वेला यहाँका प्राविधिकहरु मथि प्रश्न उठ्दै आएको छ । यही महाशाखा अन्तरगत २ वटा आयोजनाको स्थलगत अवलोकन गरिएको छ ।

**५.१ पोखरा २४ को स्वास्थ्य चौकी भवन :** पोखरा महानगरपालिका वडा न २४ को स्वास्थ्य चौकी भवन महानगरपालिकाको १ करोड २५ लाख ३ हजार ५ सय ७४ रुपैयाँ लगानीमा निर्माण भएको हो । वडा कार्यालय नजिकै रहेको भवन सानो भएको कारण वनाएको यो नयाँ भवन भने झन सवैको अपायक वनेको छ । भवन निर्माण कार्य वडा कार्यालयको प्रत्यक्ष रेखदेखमा भएको थियो ।

सवालहरु :

१. नयाँ भवनवाट सेवा प्रवाहमा सजिलो ।

२. अपाङ्गमैत्री सेवा प्रवाह ।

३. भवन र कार्यालयको सजावट कमजोर ।

४. विजुली जाँदा सेवा प्रवाहमा समस्या ।

५. भवन निर्माणमा प्राविधिक पक्षको निगरानी कम ।

**५.२ वैदाम पामे घाँटिछिना सडक** :पोखराको फेवाताल किनारै किनार पन्चासे जाने सडक खण्डको पामे घाँटीछिना खण्ड गतवर्ष अस्फाल्ट प्रविधिवाट कालोपत्रे भएको सडक हो । पटक पटक सम्झौता सकिएको लामो समयपछि मात्रै निर्माण कम्पनीले ४ वर्ष लामो समयमा सकिएको हो । यो सडकमा कालोपत्रे, नाली निर्माण, ग्यावित भर्ने, पर्खाल लगाउने तथा रोड मार्किङ्ग गर्ने कार्य भएको छ । यो सडकको स्तरोन्नतीले दैनिक आवातजावतको साथै ढुवानी लगायतमा प्रत्यक्ष प्रभाव पारेको छ । यो सडकमा करिव १२ करोड रुपैयाँ खर्च भएको छ ।

सवालहरु :

१. निर्माण कार्य ढिला भएको स्थानीयको गुनासो ।

२. निर्माणको क्रममा स्थानीय वासिन्दासंग सहकार्य र समन्वय कम ।

३. निर्माण सामाग्री कमजोर प्रयोग भएको आशंका ।

४. कालोपत्रे पुरुवा जमिनमा गरेको कारण भत्किएको ।

५. नाली निर्माणमा एकरुपता नदिएको ।

६. वाटो निर्माणले स्थानीयलाई घरवाटै सहज कलेजदेखि अफिस सम्मै पुग्न सजिलो ।

७. उपभोग्य सामानको ढुवानीमा सहजता ।

८. सडक कालोपत्रे भएपछि वसको भाडादर घटेको ।

९. गाँउमा स्थानीय उत्पादन गर्नुपर्ने भावना जागृत ।

१०. पर्यटनको क्षेत्रमा विकास ।

११. कुखुरा तथा पशुपालनमा स्थानीयको आकर्षण ।

# अनुसूचि ३: महानगरको कार्यदेशपत्र

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की

इमेल pokharamunppm@gmail.com
फोन नं. ०६१-५८८०५६

पत्र संख्या: २०८०/०८१
चलानी नं. ३०८६

मिति २०८०/०७/०३

श्री सामाजिक उत्तरदायित्व अध्ययन केन्द्र
Pokhara, Kaski

विषय : **कार्यदेश सम्बन्धमा**

प्रस्तुत विषयमा यस कार्यालयमा सामाजिक परिक्षण (Social Audit) गर्ने कार्यका लागि माग गरिएको प्रस्ताव अनुसार तपाईले पेस गर्नु भएको दरभाउ प्रस्तावका लागि त्यस फर्म र यस कार्यालय बिच मिति २०८०।०७।०३ मा भएको सम्झौता (कुल सम्झौता रकम रु.२,४५,०९५।- (अक्षरुपी दूई लाख पैंतालिस हजार पन्चानब्बे रुपैया मात्र) *(Amount with VAT)* अनुसारको कार्य गर्नको लागि तपाईलाई कार्यादेश दिइएको छ । तोकिएको कार्य सम्बन्धित अधिकारीहरुको प्रत्यक्ष निर्देशनमा रहि TOR बमोजिम तोकिएको समय भित्र सम्पन्न गर्ने व्यवस्था मिलाउनु होला ।

श्याम कृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
१. आर्थिक प्रशासन महाशाखा, पो.म.न.पा.को कार्यालय ।
२. श्री प्रशासन महाशाखा, TOR तथा सम्झौतामा रहेका शर्तहरुको परिधीमा रही तोकिएको समयभित्र, तोकिएको गुणस्तर तथा परिणामको कार्य गर्न गराउनु हुन, सम्पुर्ण कामको सुपरभिजन तथा मुल्याङ्कन गर्नु गराउनु हुन र परामर्श सेवा प्रदायकबाट प्राप्त बिल चेक गरी भुक्तानीको लागि यस कार्यालयमा सिफारिस गराउनु हुन ।

# अनुसूचि ४: आचारसंहिता

अनुसूची -१

(दफा २२ संग सम्बन्धित)

आचार-संहिता

सामाजिक उत्तरदायित्व प्रवर्द्धनका लागि सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई लगायतका कार्यक्रमलाई प्रभावकारी वनाउन उक्त कार्यक्रममा उपस्थित हुने सम्पूर्ण सहभागीले देहाय वमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः-

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने,
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने वा व्यक्तिगत आक्षेप नलगाउने,
- सहभागीहरुले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, सुझाव, टिप्पणी तथा प्राप्त प्रतिक्रियालाई सकारात्मक रुपमा लिने
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने,
- सहभागीहरुलाई विचार राख्न प्रोत्साहन गर्ने र विचार राखे वापत धन्यवाद दिने,
- सहजकर्ताले वोल्ने समय दिए पछिमात्र सहभागीहरुले आफ्ना कुरा राख्ने,
- सहजकर्ताले वोल्न दिएको समय पालना गर्नु पर्ने,
- वोल्दा पालै पालो वोल्ने र एउटा व्यक्तिले एकपटक मात्र वोल्ने।
- उल्लेखित वुँदाहरू वाहेक स्थानीय रूपमा आवश्यकताअनुसार वुँदाहरू थप्न सकिनेछ ।

माथि उल्लेखित आचार-संहिताका वुँदाहरू औपचारिक कार्यक्रम शुरू हुनु सँगै सहजकर्ताले सहभागीहरू माझ पढेर सुनाइ अनुमोदन गराउनु पर्नेछ र कार्यक्रमस्थलमा सवैले देख्ने स्थानमा टाँस्नु पर्नेछ ।

# अनुसूचि ५: विज्ञ समूहको प्रतिवेदन

## पोखरा महानगरपालिका, कास्की

### *"सामाजिक परिक्षण प्रारम्भिक प्रतिवेदन"*

आर्थिक वर्ष २०७९/०८०

२५ माघ, २०८०

प्रस्तुती :

भानु पराजुली, सुशासनविज्ञ,

सामाजिक उत्तरदायित्व अध्ययन केन्द्र, पोखरा

## सामाजिक परिक्षण के हो ?

❑ कुनैपनि कार्यक्रमको वजेट, आम्दानी र खर्च, प्राप्त नतिजा तथा उपलव्धीको सेवाग्राही नागरिकलाई जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य नै सामाजिक परिक्षण हो ।

❑ गण्डकी प्रदेश सरकारले नागरिक प्रतिको जिम्मेवारी पुरा गर्न गरेको कार्यको लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित तुल्याउन वान्छनीय भएकाले प्रदेश सुशासन ऐन २०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरि गण्डकी प्रदेश सरकारले सामाजिक उत्तरदायित्व प्रवर्धन निर्देशिका २०७७ कार्यान्वयनमा ल्याएको छ ।

❑ निर्देशिका वमोजिम नै सरकारी, गैरसरकारी तथा सार्वजनिक संस्थाहरुले सामाजिक लेखाजोखा गर्न सकिने व्यवस्था समेत गरिएको छ ।

## सामाजिक परिक्षण विधि

➢विभिन्न प्रकाशन तथा प्रतिवेदनको सन्दर्भ सामग्री अध्ययन र समिक्षा ।

➢स्थानीय तह सम्वन्धी ऐन, नियम, कार्यविधि र निर्देशिकाको अध्ययन ।

➢संस्थाको संगठनात्मक ढाँचा, उत्तरदायित्व र जिम्मेवारी विभाजनको अध्ययन ।

➢संस्थाका विभिन्न व्यक्तित्वसंग अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल ।

➢सामाजिक उपलव्धी, कार्यसम्पादन, परिणाम तथा प्रभाव सम्वन्धी अभिलेख तथा सूचनाको वारेमा अध्ययन ।

➢संस्थागत विकासको समयरेखाको अध्ययन विश्लेषण ।

## पुर्वाधार महाशाखाको अवस्था

| गत वर्षका प्रस्तावित वार्षिक कार्यक्रमहरु | भौतिक प्रगति | वित्तिय प्रगति | मुख्य समस्या | मुख्य उपलब्धी |
|---|---|---|---|---|
| सडक, सडक पुल, भवन, खानेपानी तथा सरसफाई, पर्यटन र वातावरण, अन्य निर्माण, संघ र प्रदेश सरकारवाट हस्तान्तरीत सर्सत अनुदानका सहित ११२२ कार्यक्रम । | ५४ प्रतिशत (गतवर्ष ५१.५) | ४५ प्रतिशत (गतवर्ष ४६.४८) | ➢अत्याधुनिक प्रयोगशालाको अभावले आयोजना कार्यान्वयनमा गुणस्तर कायम गर्न कठिनाई । ➢ठेक्का सम्झौता अधिकतम घटेर गर्ने कारण योजना कार्यान्वयनमा समस्या र म्याद थप्नुपर्ने वाध्यता । | ➢ सहज यातायात तथा अन्य सेवा प्राप्त ➢ ढुवानीमा सजिलो । ➢ भाडादर घटेको |

## स्थलगत अवलोकन

पुर्वाधार विकास महाशाखा : पोखरा २४ को स्वास्थ्य चौकी भवन र वैदाम पामे सडकको स्थलगत अवलोकन गरिएको थियो ।


वडा नं २४ को स्वा.चौकी भवन योजनामा देखिएको मुख्य सवाल :

- नयाँ भवनवाट सेवा प्रवाहमा सहजता ।
- अपाङ्गमैत्री सेवा प्रवाह तर, भौगोलिक अपायक ।
- भवन र कार्यालयको सजावट कमजोर ।
- विजुली जाँदा सेवा प्रवाहमा समस्या ।
- भवनको लागत १ करोड २५ लाख रुपैयाँमा निर्माण ।
- आवास भवन प्रयोग गराई सेवा थप सहज वनाउनुपर्ने ।

## स्थलगत अवलोकन................

वैदाम पामे सडक योजनामा देखिएको मुख्य सवाल :

- निर्माण ढिला तथा स्थानीयसंग सहकार्य र समन्वय नगर्ने ।
- निर्माण सामाग्री कमजोर प्रयोग भएको आशंका ।
- कालोपत्रे पुरुवा जमिनमा गरेको कारण भत्किएको ।
- स्थानीयलाई घरवाटै सहज कलेजदेखि अफिस सम्मै पुग्न सजिलो ।
- उपभोग्य सामानको ढुवानीमा सहजता ।
- सडक कालोपत्रे भएपछि वसको भाडादर घटेको ।
- गाँउमा स्थानीय उत्पादन गर्नुपर्ने भावना जागृत ।
- पर्यटनको क्षेत्रमा विकास । होटल, रेष्टुरेन्ट खोल्ने ।
- सडकको लम्वाई साढे ६ कि.मी र १२ करोड खर्च भएको थियो ।




## शिक्षा महाशाखा


| गत वर्षका प्रस्तावित वार्षिक कार्यक्रमहरु | भौतिक प्रगति | वित्तिय प्रगति | मुख्य समस्या | मुख्य उपलब्धी |
|---|---|---|---|---|
| शिक्षा अन्तरगत शैक्षिक सामाग्री, प्रयोगशाला, कक्षा कोठा व्यवस्थापन तथा तालिम संघीयका ५० र स्थानीयका १३८ गरि १८८ कार्यक्रम | ८० (गतवर्ष ८०) | ९४.३० ( गतवर्ष ९०.०६) | ➢ कानुनको तालमेल नभएको।<br>➢ प्राविधिक जनशक्ती अभाव<br>➢ विद्यालयको नियमित अनुगमन नहुने। | ➢ साक्षरता दरमा वृद्धि।<br>➢ शिक्षामा पहुँच बढेको।<br>➢ शैक्षिक दक्ष जनशक्तीमा अभिवृद्धि। |

## स्थलगत अवलोकन

**शिक्षा महाशाखा :** शुक्लागण्डकी र नवज्योति आधारभूत विद्यालय पोखरा ३३ का दुइ वटा विद्यालयको तुलनात्मक अध्ययन अवलोकन गरिएको छ। एउटै वडामा एउटा नमुना स्कुल वन्दा अर्को सरकारी स्कुल किन वन्द गर्ने अवस्थामा पुग्यो।

**योजनामा देखिएको मुख्य सवाल :**

- स्थानीय र शिक्षा सरोकारवालाको चासो हँदा र नहँदाको नतिजा।
- शैक्षिक गुणस्तरीयता, प्राविधिकहरुको नियमित अनुगमन,
- विद्यालयमा जनशक्तीको अभाव।
- खाजा व्यवस्थापन।
- भौतिक पुर्वाधार व्यवस्थापन।
- नवज्यातिमा ५ जना विद्यार्थी २ जना शिक्षक तर शुक्लागण्डकीमा अभाव।
- विद्यालय मर्जको अवस्था।




## स्वास्थ्य महाशाखा


| गत वर्षका प्रस्तावित वार्षिक कार्यक्रमहरु | भौतिक प्रगति | वित्तिय प्रगति | मुख्य समस्या | मुख्य उपलब्धी |
|---|---|---|---|---|
| स्वास्थ्यसग जोडिएको खोपदेखि औषधिसम्म, मर्मत सभार, पोषण, मेशिन, औजार उपकरण गरि १०७ वटामा ३९ कार्यक्रम भएन। | ६७ (गतवर्ष ८७) | ६५.०९ (गतवर्ष ६३.०८) | ➢ स्वास्थ्य मापदण्डका भवनको अभाव।<br>➢ औषधि भण्डार कक्षको अभाव।<br>➢ स्वा.संस्थामा न्युनतम आधारभूत सेवा खानेपानी, शौचालयको समस्या। | ➢ सहज स्वास्थ्य सेवा प्राप्त।<br>➢ खोपका प्रति जनविश्वास।<br>➢ आधारभूत स्वास्थ्य सेवा विस्तार।<br>➢ विमा कार्यक्रम |

## स्थलगत अवलोकन..............

**स्वास्थ्य महाशाखा :** पोखरा २९ नम्बर शहरी स्वास्थ्य केन्द्रको सेवा अवलोकन र छलफल गरिएको थियो। समग्र स्वास्थ्यका साझा समस्या।

**योजनामा देखिएको मुख्य सवाल :**

- आवश्यक जनशक्ती अभाव।
- उपकरणको अभाव।
- सेवा सचेतना र बिमाको जानकारी नपाएको।
- घुम्ती स्वा. शिविर राख्नुपर्ने
- उपचार कक्ष साँघुरो।
- ल्याव संचालन गर्नुपर्ने माग।
- कर्मचारीको न्युनतम सेवा मापन मापदण्ड कार्यान्वयन भएन।
- महिला पुरुष फरक शौचालय नभएको।
- राजमार्ग आकस्मिक सेवाको माग
- विजुलीको वैकल्पिक व्यवस्थापन।




## कृषि तथा पशु विकास महाशाखा

| गत वर्षका प्रस्तावित वार्षिक कार्यक्रमहरु | भौतिक प्रगति | वित्तिय प्रगति | मुख्य समस्या | मुख्य उपलब्धी |
|---|---|---|---|---|
| कृषि, पशु विकास, सरकारी तथा साना उद्यम,संघीय सरकारवाट हस्तान्तरीत गरि १६६ मध्ये १२ वटा कार्यक्रम भएन। | ७५ (गतवर्ष ७५) | ६२.०७ (गतवर्ष ७१.१६) | ➢ वडातहसम्म कृषि प्राविधिकको अभाव।<br>➢ भूमि व्यवस्यापन, कृषि जमिन गैरकृषिमा परिणत, सिंचाईको असुविधा।<br>➢ व्यवसायीक उत्पादनको लागत वढ्नु। | ➢ चैते धान र गहुँ खेती विस्तार।<br>➢ कृषि उपजको न्युनतम मुल्य तोकिनु।<br>➢ वाँझो जमिनमा घाँस वितरण। |

## स्थलगत अवलोकन

<u>आर्थिक विकास महाशाखा :</u> पोखरा १६ र १९ मा मौरी तथा च्याउ प्रवर्द्धनका कार्यक्रमको स्थलगत अवलोकन गरिएको छ। कृषिका समग्र कार्यक्रममा देखिएका सवालहरु।

<u>योजनामा देखिएको मुख्य सवाल :</u>

- महाशाखाको सहयोगले किसान उत्साहित ( अनुदान भईन्जेल)।
- कतिपय स्थानमा सिंचाईको असुविधा।
- कोल्डस्टोर वनाउनुपर्ने।
- बाँदर आतंकले हैरानी।
- वडा तहमा प्राविधिक र उपकरण सहयोग वढाउनुपर्ने।
- किसानमैत्री विमा गर्नुपर्ने।
- चोरी नियन्त्रणको लागि सुरक्षा प्रवन्ध गरिदिनुपर्ने।
- अनुदान नदिई सहुलियत ऋण सहयोग गरिदिनुपर्ने।
- अनुदानको अनुगमन प्रभावकारी वनाउनपर्ने।




## सामाजिक विकास महाशाखा

| प्रस्तावित वार्षिक कार्यक्रमहरु | भौतिक प्रगति | वित्तिय प्रगति | मुख्य समस्या | मुख्य उपलब्धी |
|---|---|---|---|---|
| सामाजिक विकास सम्वन्धी ६२, उपप्रमुखसंग महिला १ र संघीय सरकारवाट हस्तान्तरीत शर्सत अनुदानका ८ वटा गरि ७२ कार्यक्रम। | ७८.२५ (गतवर्ष ७२.६०) | ६३.०५ ( गतवर्ष ६५.०५ ) | ➢ सामाजिक उपलब्धी देखिने भन्दा निर्वाहमुखी कार्यक्रम।<br>➢ महाशाखाका कर्मचारी गैससका कार्यक्रममा वढि सक्रिय।<br>➢ लामो कागजी प्रक्रियवाट सेवाग्राही हैरानी।<br>➢ वहुअपांगता भएका वालवालिका शिक्षा र स्वास्थ्यवाट वन्चित। | ➢ लक्षित वर्गको क्षेत्रमा कार्य।<br>➢ लैंगिक हिंसा पिडीतको लागि सेफ हाउस।<br>➢ लक्षित वर्गका क्षेत्रमा काम गर्ने गैसस प्रोत्साहित। |

## स्थलगत अवलोकन...............

<u>सामाजिक विकास महाशाखा : उपप्रमुखसंग महिला कार्यक्रम अवलोकन</u>

<u>गोस्ते हस्तकला उद्योग</u>

पोखरा १९, गोस्तेका मजदुर महिलालाई उद्यमशिल वनाउन १३ लाख ऋण सहयोग।

*<u>योजनामा देखिएका मुख्य सवाल :</u>*

१. माग र आवश्यकता भन्दा पनि राजनीतिक पहुँचमा ऋण लगानी।
२. कच्चा पदार्थको अभाव।
३. उद्यशिल वनाउन खोजेपनि स्थानीयको चासो छैन।
४. महानगरको १३ लाख लगानी डुव्यो। प्रतिफल आउँदैन।
५. हस्तकलाका सामान उत्पादन नगरी वन्द छ।
६. १३ लाख रुपैयाँ ऋण सहयोग

अतिथि गार्मेन्ट


पोखरा १६ वाटुलेचारीकी पवित्रा वस्नेतलाई व्यवसाय सहयोग। अहिले ४ जनाको रोजगारी

*<u>योजनामा देखिएका मुख्य सवाल :</u>*

१. वजारको समस्या छ, गरिदिनुपर्ने देखिन्छ।
२. लगानी पर्याप्त छैन।
३. उद्योगको स्थायित्व वनाउनुपर्ने देखिन्छ।
४. विजुलीको समस्या छ।
५. ढुवानी महङ्गो, सामानको मुल्य धेरै पर्छ।
६. कर्मचारीको सामाजिक सुरक्षाको व्यवस्था।
७.सिप पनि रोजगार पनि।
८. २ लाख रुपैयाँ ऋण सहयोग

## उपप्रमुखसंग महिला कार्यक्रम

- यो कार्यक्रम महिलाहरुलाई उद्यशिल बनाउने लक्ष्य राखी आ.व २०७५/०७६ देखि सुरु भएको हो ।
- हालसम्म ५९० जनालाई ११ करोड ५५ लाख ७२ हजार ७७४ रुपैयाँ ऋण लगानी ।
- अहिलेसम्म ६८ जनाको मात्रै ऋण असुली छ भने धेरैको लगानी चलिरहेको छ । ऋणको भाका नाघे पनि ब्याज चाँही बुझाएको पाईएको छ ।
- पोखरा १९ को गोस्ते १३ लाख, पोखरा ९ को अपाङ्गता स्वालम्बनको ५ लाख र पोखरा १३ को हस्तकलामा गरिएको ८ लाख रुपैयाँ ऋण उच्च जोखिममा देखिन्छ भने कर्णाली, अतिथि, रचनात्मक लगातका उद्योग राम्रो चलेको छ ।
- स्थानीयको माग र आवश्यकता पहिचान नगरि ऋण लगानी गर्दा जोखिम हुने ।
- कोरनाको प्रभाव पनि छ ।
- महिला सशक्तीकरण र कानुनी सचेतनाका कार्यक्रम वडातहसम्मै संचालन ।
- अनुगमन प्रभावकारी बनाउन पर्ने देखिन्छ ।




## व्यवसाय प्रवर्द्धन केन्द्र, स्थापना

- पोखरामा आवश्यक सिपको पहिचान गरि सिपमुलक तालिम र नवउद्यमीहरुलाई ऋण दिने लक्ष्य राखी उद्यशिलता बढाउन २०७९ पौषबाट व्यवसाय प्रवर्द्धन केन्द्र स्थापना भएको हो ।
- हालसम्म केन्द्रको तर्फबाट १२५ जना विभिन्न क्षेत्रका नागरिकलाई २५ लाख रुपैयाँ ऋण लगानी भएको छ भने युवा स्वरोजगार कोष मार्फत दिईने १२५ को ऋण दिने कार्य सुरु हुँदैछ । सुरुमा ८ प्रतिशत ब्याज छ भने बैंकको नियमानुसार ऋण तिर्दै गए ५ प्रतिशत ब्याज स्वयलाई फिर्ता दिई ३ प्रतिशत मात्रै लाग्ने छ ।
- स्थानीयको माग र आवश्यकता पहिचान गरि तालिम र ऋण लगानी गर्ने यो कार्यक्रमको आकर्षण चाँही बढेको देखिन्छ । तर बजार व्यवस्थापन जरुरी छ ।
- केन्द्रले यो अवधिमा १९०५ जनलाई शेयरबजारदेखि कुकसम्म, उद्यमशिलतादेखि नेतृत्व विकास, सिलाई कटाईदेखि ब्युटीपार्लर, पन्चेबाजादेखि भाषा तालिस सम्म दिएको छ ।
- तर ऋण लगानी, तालिमको उपलब्धी र अनुगमन प्रभावकारी बनाउन पर्ने देखिन्छ ।



### महानगरपालिकाको खर्च विवरण २०७८/०७९

| सि.नं | खर्च केन्द्र | बजेट ( रु.हजारमा) | खर्च | खर्च (प्रतिशत) |
|---|---|---|---|---|
| १. | पोखरा महानगरपालिका नगरकार्यपालिकाको कार्यालय | १,३५,२४,९५,७३६ | ७५,६४,७३,४४७ | ५५.९३ |
| २. | स्वास्थ्य महाशाखा | ५०,११,६५,००० | ३३,०५,३५,९१९ | ६५.९५ |
| ३. | शिक्षा महाशाखा | १,७५,३०,६५,००० | १,६५,३१,५४,६२६ | ९४.३० |
| ४. | कृषि/पशु विकास महाशाखा | २६,४५,३२,००० | १६,४२,००,२३८ | ६२.०७ |
| ५. | सामाजिक महाशाखा | १७६६,४७,९४४ | ११,१३,१०,८१३ | ६३.०१ |
| ६. | पुर्वाधार विकास महाशाखा | ४,२३,६७,७८,५८३ | १,७१,८३,३०,३३५ | ४०.५६ |
| | जम्मा : वडा कार्यालय समावेश छैन । | | | ६०.१७ |

### नमुना कार्यालय मापदण्ड २०७६ का सूचकहरु मापनको अवस्था

| क्र.स | सूचकहरु | अंकभार÷सूचक | प्राप्तांक | गतवर्ष |
|---|---|---|---|---|
| १. | सेवा प्रवाह र कार्य प्रगतिको अवस्था | ४० | २७ | २१.५ |
| २. | आर्थिक अनुशासन | ३० | १८ | १७ |
| ३. | भौतिक संरचना र कार्यालय व्यवस्थापन | १२ | ८ | ८ |
| ४. | नविनता र सृजनशिलता | १४ | ८ | ६ |
| ५. | कर्मचारी अनुशासन र आन्तरिक नियन्त्रण | ४ | ३ | ३ |
| | | | ६४ | ५५.५ |

## सामाजिक परिक्षणमा देखिएका सवल पक्षहरु

- नक्सा तथा राजस्व र लेखा अनलाईन प्रणालीमा संचालन ।
- व्यवसाय प्रवर्द्धन केन्द्र स्थापना गरि उद्यमशिलता विकास ।
- वेरोजगार तथ्यांक संकलन र रोजगारी प्रदान ।
- युवा स्वरोजगार कार्यक्रम संचालन ।
- ५० लाख सम्मका योजना वडामा सम्झौता र कार्यान्वयन ।
- एकद्धार प्रणालीवाट सेवा प्रवाह सुरु ।
- उपप्रमुखसंग महिला कार्यक्रम ।
- लेखा प्रणाली विकेन्द्रीत गरि थप जिम्मेवार ।
- सवै योजनाको अनिवार्य वातावरणीय मुल्यांकन ।
- कृषि उपज, संकलन तथा विक्री केन्द्रहरु संचालन ।
- सडक वत्ती जडान, सडक चौडा, तथा नयाँ पुर्वाधार निर्माण ।

## वर्तमान समस्या र चुनौतिहरु

- कानुन निर्माण र योजना कार्यान्वयनमा समन्वय अभाव ।
- विकासमा जनश्रमदान र जनसहभागिता जुटाउन कठिनाई ।
- संस्थागत क्षमता विकास र दक्ष प्राविधिक जनशक्तीको अभाव ।
- माग र आवश्यकता पहिचन नभई योजना छनौट गर्दा कार्यान्वयनमा समस्या ।
- उपलब्धीहरुको नियमित अनुगमन र गुणात्मक मापन नभएको ।
- संचालित कार्यक्रमहरुको दिगोपनामा समस्या ।
- समयमा योजना सम्झौता र कार्यान्वयन नगर्ने (ठेकेदार र समिति) ।
- उपभोक्ता समिति आफै ठेकेदार वन्ने र परिचालन गर्न नसकिने ।
- प्रविधिमैत्री संस्थागत क्षमता तथा जनशक्तीको समेत अभाव ।
- जोखिम लागत मुल्यांकन नभएको र स्थानीय मापदण्ड कार्यान्वयनमा समस्या ।
- उपभोक्ता समिति मार्फत काम गर्ने श्रमिकको विमा कार्यान्वयन नभएको ।
- योजना माग्ने तर लागत सहभागिता उठाउन पहल नगर्ने ।

## भावी कदम तथा सुझावहरु

- कानुन वनाउने कार्य प्रभावकारी वनाउने (वनाउदा प्रशस्त छलफल गर्नुपर्ने) ।
- कार्यालयको भौतिक पूर्वाधार सवल र सेवाग्राहीमैत्री वनाउने ।
- गरिवी निवारण र रोजगारमूलक कार्यक्रममा जोड दिने ।
- भौतिक पूर्वाधारहरु अपाङ्गमैत्री र वालमैत्री वनाउन पहल पर्ने ।
- विधुतीय शासनको प्रभावकारीता थप वढाउने ।
- लक्षित वर्गका माग वमोजिम कार्यक्रम निर्माण वढाउने ।
- दक्ष कर्मचारीको व्यवस्थापन र क्षमता वृद्धि गर्नुपर्ने ।
- उपलव्धीको दिगोपनाका लागि मापनको स्थायी संयन्त्र वनाउने ।
- कार्यालयको सुचना प्रवाह अझै व्यवस्थित गर्नुपर्ने ।
- कार्यसम्पादनमा आधाररित प्रोत्साहन पद्धति लागू गर्ने ।
- गैससहरुको नियमन र दोहोरोपना हटाउने ।

## भावी कदम तथा सुझावहरु.........

- पारदर्शिता, जवाफदेहिता, सहभागिता र विश्वसनियतामा थप सक्रिय वन्ने ।
- कर्मचारीहरुलाई सेवाग्राहीमैत्री वनाई नागरिक हितमा काम गराउने ।
- अनुत्पादक क्षेत्रको खर्च र लगानी कटौति गर्ने ।
- मर्मत संभारहको लागि भरपर्दो संयन्त्रको व्यवस्थापन गर्ने ।
- वेरुजु फर्यौटलाई ध्यान दिनुपर्ने । ( २ अर्व ८० करोड )
- आयोजना वा योजनाको अनुगमन र मूल्यांकनमा प्रभावकारिता ल्याउने ।
- काम नगर्ने उपभोक्ता समिति र ठेकेदारलाई कारवाहीको दायरामा ल्याउने ।
- आयोजनाको ईस्टीमेट गर्दा जोखिम लागत मुल्यांकन गर्न लगाउने ।
- स्थानीय मापदण्ड कार्यान्वयन कडाईका साथ लागू गर्ने ।
- उपभोक्ता समिति मार्फत काम गर्ने श्रमिकको विमा कार्यान्वयन गराउने ।
- विगतका प्रतिवद्धता कार्यान्वयनको मुल्यांकन गर्ने ।



संस्थागत सुशासनका लागि सवैले प्रयत्न गरौं

# अनुसूचि ६: नमुना कार्यालय मापदण्ड परीक्षण

४. <u>सूचकहरूको मूल्याङ्कनका आधारः</u> (१) दफा ३ बमोजिमका सूचकलाई देहाय बमोजिमको अङ्कभार सहित वर्गीकरण गरी मूल्याङ्कन गरिनेछः-

(क) सेवा प्रवाह र कार्य प्रगतिको अवस्थाः

| क. सं. | सूचक विवरण | अङ्क ४० | (२८.५) मूल्याङ्कनका आधार र अङ्क |
|---|---|---|---|
| १ | कार्य योजना बमोजिम कार्य प्रगति | १४ (८) | ➢ स्वीकृत वार्षिक विकास कार्ययोजना तयारी (२) — (२)<br>➢ कार्ययोजना र प्रगति अनलाइन सफ्टवेयरमा प्रविष्टी गरेको (चालु आ.व.को) (२)<br>➢ कार्ययोजना अनुसारको गत आ.व.को वार्षिक प्रगति प्रतिशत (१-५० सम्मको ४), (५०-८० सम्मको ६), (८०-१०० सम्मको ८) — (६)<br>➢ चौमासिक समीक्षा गरी वार्षिक समीक्षा गर्ने गरेको (गत आ.व.को उपस्थिति र माइन्युट) (प्रत्येक चौमासिकको ०.५ का दरले जम्मा २) — (१) |
| २ | तोकिएको समयमा सेवा प्रवाह | | ➢ सेवाग्राहीको प्रतिक्रिया (सन्तुष्ट-२, ठिकै-१, असन्तुष्ट-०) (निर्देशनालय र प्रत्यक्ष सेवा प्रवाह गर्ने कार्यालयको लागि) |
| ३ | मन्त्रालय मातहतका निकायहरूलाई आवश्यक पर्ने मापदण्ड र कार्यविधि तर्जुमा र पालना | (१.५) २ | ➢ आवश्यक मापदण्ड र कार्यविधि तर्जुमा भएको (१) — (१)<br>➢ मापदण्ड र कार्यविधि अनुसार कार्य गरेको (कुनै एक वा दुई कार्यक्रमको फाइल अध्ययन गर्ने) (१) (मन्त्रालयको लागि) — (०.५) |
| ४ | कार्यालयको काममा सूचना प्रविधिको उपयोग | ६ (४) | ➢ वेबसाइट भएको (०.७५) — (०.७५)<br>➢ वेबसाइट अद्यावधिक भएको(०.७५) — (०.७५)<br>➢ कार्यालयको सूचना सामाजिक सञ्जाल मार्फत् सार्वजनिक गरेको (१) — (०.५)<br>➢ अनलाइन सेवा प्रवाह गरेको (२) — (१)<br>➢ विद्युत् अवरुद्ध हुँदा वैकल्पिक व्यवस्था गरी अविच्छिन्न सेवा प्रवाह गरेको (१.५) — (१) |
| ५ | गुनासो सुन्ने अधिकारीको व्यवस्था | २ (१.५) | ➢ गुनासो सुन्ने अधिकारी तोकेको (१) — (१)<br>➢ गुनासोको (मौखिक र लिखित) दर्ता र फछ्र्यौटको अभिलेख राखेको (१) — (०.५) |
| ६ | सूचना अधिकारीको व्यवस्था र सूचना प्रवाह | २ | ➢ सूचना अधिकारी तोकेको (०.५) — (०.५)<br>➢ स्वतः प्रकाशन हुने सूचनालाई वेबसाइटमा |

→ समयमा वार्षिक समीक्षा बैठक नबस्ने।
→ अनलाइन सेवा [illegible] गराउनुपर्ने।
→ गुनासो/उजुरी दर्ता र सुनुवाई अभिलेख [illegible]।
→ सूचना प्रवाह [illegible] नपाउने।

| | | | |
|---|---|---|---|
| | | (१.५) | राखेको (१)<br>➢ माग गरेको सूचनाको अभिलेख र उपलब्ध गराएको अभिलेख (०.५) |
| ७ | सेवा प्रवाह र सुशासन | ९<br>(६.५) | ➢ सार्वजनिक सुनुवाइ भएको अभिलेख (उपस्थित र माइन्युट) (२) (निर्देशनालय/कार्यालयको लागि)<br>➢ नागरिक वडापत्र अद्यावधिक गरेको (१) (निर्देशनालय/कार्यालयको लागि)<br>➢ शासकीय सुधार एकाइ गठन भएको (३) (मन्त्रालयको लागि)<br>➢ सामाजिक परीक्षण/सार्वजनिक परीक्षणको अभिलेख (२)<br>➢ हेल्पडेस्क/निवेदन लेखिदिने व्यवस्था/निवेदनको फर्म्याट कार्यालयले उपलब्ध गराउने गरेको (२)<br>➢ कार्यालय प्रमुख आफू कार्यालयमा अनुपस्थित भएको अवस्थामा अधिकार प्रत्यायोजन गरेको (२) |
| ८ | सर्वसाधारणलाई सेवा प्रदान गर्ने प्रत्येक कार्यालयले सेवा प्रवाह गर्दा अशक्त, वृद्ध, सुत्केरी, गर्भवती, अपाङ्ग, बालवालिका तथा महिलालाई प्राथमिकता | ३<br>(१.५) | ➢ स्तनपान कक्ष भएको (०.५)<br>➢ सेवाग्राहीको लागि प्रतीक्षालय भएको (०.५)<br>➢ प्रतिक्षालयमा टि.भि/खानेपानी/ निःशुल्क वाइफाइ भएको (कम्तीमा दुई भएमा १, एकमात्र भएमा ०.५)<br>➢ अपाङ्गमैत्री संरचना भएको(१) |
| ९ | सर्वसाधारणलाई सेवा प्रदान गर्ने प्रत्येक कार्यालयको कार्यालय प्रमुखद्वारा सेवा प्रवाहको निरीक्षण र अनुगमन | २<br>(२) | ➢ निरीक्षण पुस्तिका (१)<br>➢ अनुगमन प्रतिवेदन(१) |

→ सामाजिक उत्तरदायित्व प्रवर्द्धन गर्नुपर्ने छ।
→ शासकीय सुधार एकाइ गठन नगरेको।
→ नागरिक बडापत्र छैन, र सूचना नगरेको।
→ सेवाग्राहीमैत्री सेवा नपाइने, हाकिमी शैली छ।

(ख) आर्थिक अनुशासन

| क्र. सं. | सूचक विवरण | अङ्क ३० | मूल्याङ्कनका आधार र अङ्क |
|---|---|---|---|
| १ | लक्ष्य तोकिएका/ नतोकिएका कार्यक्रमको वित्तीय प्रगति | १५ | ➢ गत आर्थिक वर्षको वित्तीय प्रगति प्रतिशत (१-५० सम्म ६), (५०-७० सम्म ९), (७०-९० सम्म १२), (९० भन्दा माथि १५) |
| २ | खरिद एकाइ गठन तथा वार्षिक खरिद योजना | ३ | ➢ खरिद एकाइ गठन (०.५)<br>➢ खरिद योजना तयार गरेको (२)<br>➢ बैठकको अभिलेख (०.५) |
| ३ | बेरूजुको अद्यावधिक लगत र फछर्यौट | ५ | ➢ बेरूजुको लगत (०.५)<br>➢ वार्षिक बजेटको तुलनामा बेरूजुको प्रतिशत (शून्य बेरूजुको ३), (१ भन्दा कम २.५), (१-३ सम्म २), (३-५ सम्म १) र (५ देखि माथि ०)<br>➢ बेरूजु फछर्यौटको प्रतिशत (१-५० सम्म ०.५), (५०-८० सम्म १) र (८० भन्दा माथि १.५) |
| ४ | राजस्व असुली र दाखिला | १.५ | ➢ राजश्व व्यवस्थापन सूचना प्रणाली (RMIS) को प्रयोग भएको (०.५)<br>➢ विद्युतिय माध्यमबाट स्रोतमा कर कट्टि प्रणाली (ETDS) को प्रयोग भएको (०.५)<br>➢ विनियोजन, धरौटी, राजस्व लगायतका सबै आर्थिक कारोबारको अभिलेख र प्रतिवेदन तयार गरेको (०.५) |
| ५ | पेश्की लगत अद्यावधिक | ०.५ | ➢ पेश्की खाता भएको (०.५) |
| ६ | जिन्सी निरीक्षण | १ | ➢ नियमित जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको (१) |
| ७ | लिलामी/मिनाहा | १ | ➢ जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम पूराना काम नलाग्ने जिन्सी सामानको लिलाम वा मिनाहा गरेको (१) |
| ८ | वित्तीय सूचना प्रणालीको प्रयोग | २ | ➢ सरकारी लेखा प्रणाली (CGAS+), सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS), प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) को प्रयोग गरेको (कुनै एक भए १ र एकभन्दा बढी भए २) |
| ९ | भ्रमण अभिलेख खाता | १ | ➢ भ्रमण अभिलेख खाता अद्यावधिक (१) |

(ग) भौतिक संरचना र कार्यालय व्यवस्थापन

| क्र. सं. | सूचक विवरण | अङ्क १२ | मूल्याङ्कनको आधार र अङ्क |
|---|---|---|---|
| १ | कार्यकक्ष, कार्यालय परिसर र बगैंचा | २ | ➤ गार्डेन, बगैंचा भएको (०.५)<br>➤ राम्रो सरसफाइको व्यवस्था (०.५)<br>➤ सरकारी भवन भएका कार्यालयका परिसरमा उद्यानको व्यवस्था गरी फलफूल, दुबो तथा बहुवर्षे बिरुवा रोपण, गोडमेल र स्याहार सम्भार गरेको (१) |
| २ | कार्यालय भवनको मर्मत सम्भार र रङ्ग रोगन | २ | ➤ बाहिरी आवरण (०.५)<br>➤ भवनमा रुख, झारपात नभएको (०.५)<br>➤ रङ्ग कोड अनुसार रङ्ग रोगन गरेको (१) |
| ३ | शौचालय र सरसफाइ | २ | ➤ महिला र पुरूषको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था (०.५)<br>➤ शौचालयको सरसफाइ भएको (०.५)<br>➤ पानीको व्यवस्था भएको (०.५)<br>➤ ढोका र चुकुलको व्यवस्था भएको (०.५) |
| ४ | सि.सि.टि.भि. व्यवस्थापन | १.५ | ➤ सि.सि.टि.भि.को व्यवस्था भएको (०.५)<br>➤ चालु हालतमा रहेको(०.५)<br>➤ रेकर्ड रहेको (०.५) |
| ५ | कर्मचारीको कार्य विवरण | १ | ➤ शाखाको कार्य विवरण भएको (०.५)<br>➤ पदको कार्य विवरण भएको (०.५) |
| ६ | परिपत्र र निर्देशन कार्यान्वयन | २ | ➤ मन्त्रालय र मुख्यमन्त्री कार्यालयबाट भएका परिपत्रको छुट्टा छुट्टै फायल भएको (०.५)<br>➤ परिपत्रको कार्यान्वयन गरेको (१.५) |
| ७ | कर्मचारीको व्यक्तिगत अभिलेख | १.५ | ➤ व्यक्तिगत फायल अद्यावधिक गरेको (१.५) |

→ शौचालय र कार्यालय सरसफाईमा ध्यान नदिएको।
→ प्रविधीको प्रयोगमा प्रविधि छैन। विद्युतीय सुशासन गर्नुपर्ने छ।
→ परिपत्रको फाइलमा नियमितता हुनु

(घ) नवीनता र सृजनशीलता

| क्र. सं. | सूचक विवरण | अङ्क १४ (८) | मूल्याङ्कनको आधार | |
|---|---|---|---|---|
| १ | सेवाको गुणस्तर सुधारका लागि नवीन उपायको अवलम्वन | ७ (४) | ➢ गुणस्तर सुधार (३)<br>➢ नवीन उपाय अवलम्वन (४) | २<br>२ |
| २ | सेवा प्रवाहको क्रममा सृजनशील कार्य | ७ (४) | ➢ असल अभ्यास (३)<br>➢ सृजनशील कार्य (४) | २<br>२ |

(ङ) कर्मचारी अनुशासन र आन्तरिक नियन्त्रण

| क्र. सं. | सूचक विवरण | अङ्क ४ | (३) मूल्याङ्कनको आधार | |
|---|---|---|---|---|
| १ | समय पालना | १ (०.५) | ➢ लगबुक अभिलेख (०.५)<br>➢ विद्युतीय हाजिरी र प्रयोग (०.५) × | ०.५ |
| २ | पोशाक र परिचय पत्र | १ (०.५) | ➢ निर्धारित पोशाक र परिचयपत्र सहित कार्यसम्पादन गर्ने गरेको (भौगोलिक स्थान अनुसारको पोशाक समेतलाई हेर्ने) (१) | ०.५ |
| ३ | बरबुझारथ | २ (२) | ➢ बरबुझारथ भएको उल्लेख गरेको (१)<br>➢ बरबुझारथको प्रमाणपत्र दिने गरेको (१) | १<br>१ |

६४.५

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) को हकमा छुट्टाछुट्टै कम्तीमा पचास प्रतिशत अङ्क हासिल नगरेको कार्यालयलाई मूल्याङ्कनमा समावेश गरिने छैन।

(३) उपदफा (१) बमोजिमका सूचकहरूको मूल्याङ्कन गर्दा वित्तीय प्रगतिको हकमा गत आर्थिक वर्षको प्रगतिलाई आधार मानिनेछ।

५. <u>सिफारिस समिति:</u> (१) प्रत्येक आर्थिक बर्षको उपयुक्त समयमा प्रदेश सरकारले नमूना कार्यालय मूल्याङ्कन गर्ने सम्बन्धी कारवाही अगाडि बढाउनेछ।

(२) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दफा ३ र ४ बमोजिमको मूल्याङ्कनका लागि मन्त्रालय र प्रदेशस्तरका निकायको स्थलगत अनुगमन निरीक्षण गरी

* खुद्रा बत्ती जडान, software मा योजना प्रस्ताव, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, अनलाइन व्यवस्था छ, QR Code लगाए [illegible],
* कर्मचारी अनुशासन र नियन्त्रण कमजोर छ। समय पालना छैन।
* जिम्मेवारी, उत्तरदायी र जवाफदेहितामा पूर्णता नआएको देखिन्छ।

## अनुसूची ७: सहभागीहरुको उपस्थिती विवरण

पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

**२०८०/१०/२५ को २६ औं कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. १ :** पोखरा महानगरपालिकाको नगर कार्यपालिका बैठक नं. २५ बाट भएका निर्णयहरु सम्बन्धमा छलफल भयो ।

**निर्णय नं. २ :** आ.व. २०७०-८० मा महानगरपालिकाबाट सम्पादित कार्यहरुका सम्बन्धमा पेश भएको सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिकरण र छलफल पश्चात स्वीकृत गर्ने निर्णय भयो ।

**निर्णय नं. ३ :** आर्थिक ऐन २०८० लाई संशोधन गर्न पेश भएको संशोधन प्रस्तावका सम्बन्धमा अध्ययन विश्लेषण गरी राय सहितको प्रतिवेदन पेश गर्न नगरसभाको मिति २०८०/०९/२९ गते दिउसो बसेको बैठकबाट ४ नं. वडाका वडाध्यक्ष श्री देवकृष्ण पराजुलीको संयोजकत्वमा गठित समितिबाट मिति २०८०/१०/२५ गते २६ औं कार्यपालिका बैठकमा पेश भएको प्रतिवेदन छलफल पश्चात नगरसभामा सिफारिश गरी पठाउने निर्णय भयो ।

**निर्णय नं. ४ :** महानगरबाट सञ्चालनमा ल्याईने आयोजनाहरुलाई वहुवर्षिय आयोजनामा समावेश गरी कार्यान्वयनमा लैजानका लागि आयोजनाको लागत आधार एकिन गर्ने र आवश्यक साधन स्रोतको सुनिश्चित गरी व्यवस्थित रुपमा सञ्चालन गर्ने लगायतका विषयमा मापदण्ड तयार गरी लागू गर्न वाञ्छनीय भएकोले वहुवर्षिय आयोजना सम्बन्धी मापदण्ड २०८० मा छलफल गरी सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो । कार्यविधि अनुसूची १ मा संलग्न छ।

**निर्णय नं. ५ :** मुग्लिङ पोखरा सडक सुधार आयोजनाबाट महानगरपालिकामा नदीजन्य सामग्रीको माग भई आएको सम्बन्धमा महानगरपालिकाबाट पटक पटक आय ठेक्काको लागि वोलपत्र आव्हान गर्दा समेत कुनैपनि वोलपत्रदाताबाट वोलपत्र पेश हुन नआएका घाटहरुमध्येको वडा नं. ३२ स्थित गढीघाटबाट २१४०० घ.मी. नदीजन्य सामग्री महानगरको आर्थिक ऐनले तोकिदिएको दरमा एकमुष्ठ रकम र मू.अ.कर समेत जम्मा गर्न लगाई नदीजन्य सामाग्री आयोजनामा उपयोग गर्नदिने ।

**निर्णय नं. ६ :** स्वास्थ्य महाशाखामा कार्यरत अस्पताल नर्सिङ निरीक्षक सविना श्रेष्ठ (संकेत नं. १९६३८४) ले YONSEI University KOICA Korea मा Global Health Security विषयमा Master's Degree अध्ययन गर्न अध्ययन विदाको लागि सिफारिश माग गरेको र यस सम्बन्धमा निजले अध्ययन गर्न चाहेको विषय स्थानीय तहको लागि आवश्यक देखिएको र निजको सेवा अवधि कम्तिमा ३ वर्ष पुरा भैसकेको हुँदा स्थानीय तह गठन तथा सञ्चालन नियमावली २०८० को नियम १११ बमोजिम ई.सं. २०२४/०९/०२ देखि २०२५/१२/३१ सम्म अध्ययन गर्न अध्ययन पूर्व स्वीकृति सहित मनोनयनका लागि सिफारिस गरी पठाउने ।

**निर्णय नं. ७ :** नगर कार्यपालिकाको मिति २०८०/१०/१९ को २५औं बैठकबाट कर्मचारीहरुलाई काज सरुवा सहमति दिने कार्य अर्को व्यवस्था नभएसम्मका लागि बन्द गर्ने निर्णय भएकोमा लोक सेवा आयोगबाट पदपूर्ति भैनसकेको र महानगरमा स्वामित्वमा रहेको शिशुवा अस्पतालमा विशेषज्ञ डाक्टरको सेवा अति आवश्यक भएको देखिएकोले काज सरुवा भई आउनका लागि सहमति माग गर्नु भएका हाड जोर्नी तथा नशारोग विशेषज्ञ डा. सुमन खनिया (आठौं तह) लाई मात्र महानगरमा काज सरुवा भै आउन सहमति प्रदान गर्ने ।

मिति : २०८०/१०/ २५ गते (बिहिबार) स्थान : पोखरा म.न.पा.को सभाकक्ष

बैठक संख्या : २६ समय : दिनको : २ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक पोखरा पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपसिलको बमोजिमा उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो।

उपस्थिति : (सामाजिक परीक्षण-प्रतिवेदन प्रस्तुत

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री श्याम कृष्ण थापा | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बाँस्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री ~~दिपक प्रसाद सुवेदी~~ पिमला के.सी. | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| ४५ | **कार्यपालिका सचिवालय** | | | |
| ४६ | | प्रशासन महाशाखा प्रमुख | श्री कृष्ण प्रसाद तिवारी | |
| ४७ | | सूचना प्रविधि अधिकृत | श्री अशोक ढ्वारे | |
| ४८ | सा. परीक्षक | भानु पराजुली | सामाजिक उत्तरदायित्व अध्ययन केन्द्र, पोखरा | |

# अनुसूचि ८ : सामाजिक परिक्षणमा लिएका तस्विरहरु























बैंक लिमिटेड
Bank Limited
पोखरा
अतिथि गार्मेन्ट (झोला) उद्योग
पोखरा-१६, बाटुलेचौर

